# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, फागुन १ गते २०४६ साल (अतिरिक्ताङ्क ६१

## भाग ३

श्री ५ को सरकार

### शिक्षा तथा संस्कृति मन्त्रालयको सूचना

#### शिक्षा (आठौं संशोधन) नियमावली, २०४६

शिक्षा नियमावली, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "शिक्षा (आठौं संशोधन) नियमावली, २०४६" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. शिक्षा नियमावली, २०२८ को नियम २ मा संशोधन : शिक्षा नियमावली, २०२८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को, –

(१) खण्ड (क) पछि देहायको खण्ड (क १) थपिएकोछः–

"(क १) "मन्त्रालय" भन्नाले श्री ५ को सरकार, शिक्षा तथा संस्कृति मन्त्रालय सम्झनु पर्छ ।"

(२) खण्ड (घ) पछि देहायको खण्ड (ङ), (च), (छ) र (ज) थपिएकाछन्:–

"(ङ) "प्राथमिक विद्यालय" भन्नाले प्राथमिक शिक्षा मात्र दिइने विद्यालय वा पूर्व प्राथमिक र प्राथमिक दुवै किसिमको शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) "माध्यमिक विद्यालय" भन्नाले माध्यमिक शिक्षा मात्र दिइने विद्यालय वा प्राथमिक र माध्यमिक दुवै किसिमको शिक्षा दिइने विद्यालय वा पूर्व प्राथमिक, प्राथमिक र माध्यमिक तीनै किसिमको शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।

(छ) "सार्वजनिक विद्यालय" भन्नाले श्री ५ को सरकारबाट सालबसाली अनुदान पाउने गरी स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ज) "सामुदायिक विद्यालय" भन्नाले श्री ५ को सरकारबाट अनुदान नलिई जन-सहयोग र विद्यालयको आफ्नै आयश्रोतबाट सञ्चालन गर्न स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।"

३. मूल नियमावलीको नियम ३ मा संशोधन : मूल नियमावलीको नियम ३ को,–

(१) शीर्षकमा र उपनियम (१) मा रहेका "पूर्व प्राथमिक वा" भन्ने शब्दहरू झिकिएकाछन् ।

(२) उपनियम (२) मा रहेका "पूर्व प्राथमिक विद्यालयको हकमा आफैले र प्राथमिक विद्यालयको हकमा" भन्ने शब्दहरू झिकिएकाछन् ।

४. मूल नियमावलीमा नियम ८ क. थप : मूल नियमावलीको नियम ८ पछि देहायको नियम ८ क. थपिएकोछः–

"८ क. विद्यालयको अनुमति रद्द गर्ने : (१) विद्यालय खोल्ने अनुमति लिएको कुनै व्यक्ति वा संस्थाले एकवर्षभित्र नियम ७ बमोजिम पालन गर्नु पर्ने शर्त बन्देज पालन गर्न नसकेको अवस्थामा त्यसको मनासिब कारण खुलाई म्याद थपको निमित्त अनुमति दिने अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदनमा उल्लेखित कारण उचित देखिएमा अनुमति दिने अधिकारीले अर्को एकवर्षको म्याद थप गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम थप गरिएको म्यादभित्र पनि नियम ७ बमोजिम पालन गर्नु पर्ने शर्त बन्देज पालन गर्न नसकेमा अनुमति दिने अधिकारीले पहिले दिएको अनुमति रद्द गर्न सक्नेछ ।"

५. मूल नियमावलीको नियम ९ मा संशोधनः मूल नियमावलीको नियम ९ को सट्टा देहायको नियम ९ राखिएकोछः–

"९. विद्यालयको स्वीकृति : (१) नियम ३ वा ५ बमोजिम अनुमति नलिई खोलिएको विद्यालयको सम्बन्धमा जिल्ला शिक्षा निरीक्षकले स्थलगत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निरीक्षण गरी वा गराई नियम ७ मा उल्लेखित सम्पूर्ण शर्त बन्देज पालन गरी पूर्वाधार तयार गरेको पाइएमा प्राथमिक विद्यालयको हकमा आफैंले स्वीकृति दिनेछ र माध्यमिक विद्यालयको हकमा त्यस्तो निरीक्षण प्रतिवेदन क्षेत्रीय शिक्षा निरीक्षक समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम को निरीक्षण प्रतिवेदन प्राप्त भएपछि त्यसको आधारमा क्षेत्रीय शिक्षा निरीक्षकले माध्यमिक विद्यालय खोल्ने स्वीकृति दिन सक्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम स्वीकृति प्राप्त गरेको विद्यालयमा कक्षा थप गर्ने सम्बन्धमा प्राथमिक विद्यालयमा कक्षा पाँच र माध्यमिक विद्यालयमा कक्षा दश नपुगेसम्म जिल्ला शिक्षा निरीक्षकले एक वर्षमा एक कक्षा थप गर्न स्वीकृति दिन सक्नेछ ।

(४) यस नियमबमोजिम स्वीकृति दिने कार्य शैक्षिक सत्र शुरू भएको दुई महिनाभित्रै गर्नु पर्नेछ ।"

६. मूल नियमावलीमा नियम १०क. थप : मूल नियमावलीको नियम १० पछि देहायको नियम १०क. थपिएकोछ:–

"१०क. विद्यालयको स्वीकृति रद्द गर्ने : कुनै विद्यालयले ऐन, यो नियमावली र श्री ५ को सरकारको नीति निर्देशन विपरीत कार्य गरेमा वा माध्यमिक विद्यालयको हकमा लगातार पाँच वर्षसम्म एस.एल. सी. परीक्षामा दश प्रतिशतभन्दा कम विद्यार्थी उत्तीर्ण भएमा स्वीकृति दिने अधिकारीले त्यस्तो विद्यालयको स्वीकृति रद्द गर्न सक्नेछ ।"

७. मूल नियमावलीको परिच्छेद–३ को शीर्षकमा संशोधन : मूल नियमावलीको परिच्छेद–३ को शीर्षकको सट्टा देहायको शीर्षक राखिएकोछ:–

"जिल्ला शिक्षा समितिको गठन, काम, कर्तव्य र अधिकार"

८. मूल नियमावलीको नियम १२ मा संशोधन : मूल नियमावलीको नियम १२ को,–

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएकोछ:–

(१) जिल्ला शिक्षा समितिमा देहायका सदस्यहरू रहनेछन्:–

(क) जिल्ला पञ्चायत सभापति – अध्यक्ष

(ख) प्रमुख जिल्ला अधिकारी – उपाध्यक्ष

(ग) जिल्ला पञ्चायतका उपसभापति – सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

622

(घ) जिल्लामा एउटा मात्र नगर पञ्चायत भए सो नगर पञ्चायतका प्रधानपञ्च, यदि जिल्लामा एकभन्दा बढी नगर पञ्चायतहरू भए सो मध्येबाट जिल्ला शिक्षा समितिका अध्यक्षले तोकेको प्रधानपञ्च, जिल्लामा एउटा पनि नगर पञ्चायत नभए गाउँ पञ्चायतका प्रधानपञ्चहरू मध्येबाट जिल्ला शिक्षा समितिका अध्यक्षले तोकेको प्रधानपञ्च एक – सदस्य

(ङ) स्थानीय विकास अधिकारी – सदस्य

(च) नेपाल राष्ट्रिय माध्यमिक शिक्षक संघ, जिल्ला कार्य समितिबाट सोही संघका जिल्ला परिषद्का सदस्यहरू मध्येबाट मनोनीत एकजना – सदस्य

(छ) नेपाल राष्ट्रिय प्राथमिक शिक्षक संघ, जिल्ला कार्य समितिबाट सोही संघका जिल्ला परिषद्का सदस्यहरू मध्येबाट मनोनीत एकजना – सदस्य

(ज) विद्यालय सञ्चालक समितिका अध्यक्षहरू मध्येबाट जिल्ला शिक्षा निरीक्षकको सिफारिशमा जिल्ला शिक्षा समितिबाट मनोनीत एकजना – सदस्य

(झ) सम्बन्धित जिल्लाको शिक्षा क्षेत्रमा उल्लेखनीय योगदान गर्ने समाजसेवी मध्येबाट जिल्ला शिक्षा निरीक्षकको सिफारिशमा क्षेत्रीय शिक्षा निरीक्षकबाट मनोनीत एकजना – सदस्य

(ञ) जिल्लाका शिक्षा प्रेमीहरू मध्येबाट जिल्ला शिक्षा निरीक्षकको सिफारिशमा अञ्चलाधीशबाट मनोनीत एकजना – सदस्य

(ट) जिल्ला शिक्षा निरीक्षक – सदस्य- सचिव

(२) उपनियम (२) मा रहेका "जिल्लामा भएको अवस्थामा" भन्ने शब्दहरू झिकिएकाछन् ।

(३) उपनियम (२) पछि देहायको उपनियम (२ क) थपिएकोछः–

"(२क) दुर्गम सीमावर्ती जिल्लामा प्राथमिक शिक्षा योजना तर्जुमा गर्ने र प्राथमिक शिक्षक कोटा वितरण गर्ने सम्बन्धमा जिल्ला शिक्षा समितिको बैठक बस्दा सीमावर्ती क्षेत्रको सीमा प्रशासन अधिकृतलाई पनि आमन्त्रण गर्नु पर्नेछ ।"

(४) उपनियम (५) को अन्तमा देहायको वाक्य थपिएकोछः–

"र त्यसरी रिक्त हुन आएको पदमा बाँकी अवधिको लागि अर्को व्यक्ति मनोनीत गर्नु पर्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

628

९. मूल नियमावलीको नियम १३ मा संशोधन : मूल नियमावलीको नियम १३ को, –

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएकोछ:–

"(१) जिल्ला शिक्षा निरीक्षकले तयार पारी पेश गरेको शिक्षा-सम्बन्धी जिल्ला स्तरीय योजना पारित गर्ने र कार्यान्वयन गर्ने गराउने काम जिल्ला शिक्षा समितिको हुनेछ ।"

(२) उपनियम (२) को, –

(क) खण्ड (ण) झिकिएको छ ।

(ख) खण्ड (थ) को सट्टा देहायको खण्ड (थ) राखिएकोछ:–

"(थ) विद्यालय कोषको लेखा परीक्षण महालेखा परीक्षकको विभाग-बाट प्रमाणपत्र प्राप्त लेखा परीक्षकद्वारा गराउने र लेखा परीक्षकको पारिश्रमिक विद्यालयको निजी आयस्ताबाट दिलाउने, "

(ग) खण्ड (ध) को सट्टा देहायको खण्ड (ध) राखिएकोछ:–

"(ध) मन्त्रालयले तोकिदिएको संख्यामा नघट्ने गरी विद्यालयमा-शिक्षक दरबन्दी कायम गर्ने, गराउने,

(घ) खण्ड (न) झिकिएकोछ ।

(ङ) खण्ड (ब) पछि देहायको खण्ड (भ), (म) र (य) राखिएकाछन् :–

"(भ) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाका लागि परीक्षा केन्द्र खोल्न सम्बन्धित परीक्षा समितिलाई सिफारिश गर्ने,

(म) विद्यालयमा देखा परेका त्रुटी हटाउन विद्यालय सञ्चालक समितिलाई निर्देशन दिने,

(य) प्रत्येक चौमासिक र वार्षिक कार्यक्रम, लक्ष्य र प्रगतिको समीक्षा गर्ने र आफ्नो राय प्रतिक्रिया सहितको प्रगति विवरण क्षेत्रीय शिक्षा निरीक्षकको कार्यालय तथा मन्त्रालयमा पठाउने ।"

१०. मूल नियमावलीको नियम १४ मा संशोधन : मूल नियमावलीको नियम १४ को उपनियम (१) मा रहेको "सचिव" भन्ने शब्दको सट्टा "सदस्य-सचिव" भन्ने शब्द राखिएकोछ ।

११. मूल नियमावलीको नियम १४ क. मा संशोधन : मूल नियमावलीको नियम १४ क. को सट्टा देहायको नियम १४ क. राखिएकोछ:–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"१४ क. विद्यालय सञ्चालक समितिको गठन: (१) देहायका विद्यालयको विद्यालय सञ्चालक समितिमा देहायका सदस्यहरू रहनेछन्:–

(क) पूर्वप्राथमिक विद्यालय र प्राथमिक विद्यालय:–

(१) विद्यालय संस्थापक वा अभिभावकहरू मध्येबाट जिल्ला शिक्षा समितिले मनोनीत गरेको व्यक्ति – अध्यक्ष

(२) सम्बन्धित वडा अध्यक्ष वा वडा सदस्यहरू मध्येबाट गाउँ वा नगरपञ्चायतबाट मनोनीत एकजना – सदस्य

(३) अभिभावकहरू मध्येबाट जिल्ला शिक्षा निरीक्षकबाट मनोनीत एकजना – सदस्य

(४) विद्यालयलाई आर्थिक सहायता दिने चन्दादाताहरू मध्येबाट विद्यालय सञ्चालक समितिबाट मनोनीत एकजना – सदस्य

(५) सम्बन्धित विद्यालयको प्रधान अध्यापक – सदस्य-सचिव

(ख) माध्यमिक विद्यालय:–

(१) विद्यालय संस्थापक वा अभिभावक मध्येबाट जिल्ला शिक्षा समितिले मनोनीत गरेको व्यक्ति – अध्यक्ष

(२) सम्बन्धित इलाका निरीक्षक – सदस्य

(३) सम्बन्धित गाउँ वा नगर पञ्चायतका प्रधानपञ्च वा वडा अध्यक्ष वा वडा सदस्यहरू मध्येबाट जिल्ला शिक्षा समितिबाट मनोनीत एकजना – सदस्य

(४) विद्यालयलाई आर्थिक सहायता दिने चन्दादाताहरू मध्येबाट विद्यालय सञ्चालक समितिबाट मनोनीत दुईजना – सदस्य

(५) अभिभावकहरू मध्येबाट जिल्ला शिक्षा निरीक्षकबाट मनोनीत दुईजना – सदस्य

(६) विद्यालयको विकासमा उल्लेखनीय योगदान दिने व्यक्तिहरू मध्येबाट जिल्ला शिक्षा समितिबाट मनोनीत एकजना – सदस्य

(७) सम्बन्धित विद्यालयको प्रधान अध्यापक – सदस्य-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालय सञ्चालक समितिको गठन देहायबमोजिम हुनेछः–

(क) नेपाल बाल संगठनद्वारा सञ्चालित विद्यालयको सञ्चालक समितिको गठन नेपाल बाल संगठनले तोकेबमोजिम हुनेछ ।

(ख) विदेशी व्यक्ति, संस्था वा मुलुकद्वारा सञ्चालित विद्यालय वा विशेष शिक्षा दिने विद्यालयको सञ्चालक समितिको गठन मन्त्रालयले तोकेबमोजिम हुनेछ ।

(३) एकै व्यक्ति एकभन्दा बढी विद्यालय सञ्चालक समितिको अध्यक्ष हुन पाउने छैन ।

(४) उपनियम (१) को खण्ड (ख) बमोजिम गठित विद्यालय सञ्चालक समितिको बैठक बस्दा सम्बन्धित जिल्ला पञ्चायत सदस्यलाई आमन्त्रण गर्नु पर्नेछ ।

(५) उपनियम (१) बमोजिमको विद्यालय सञ्चालक समितिमा मनोनीत सदस्यहरूको पदावधि दुईवर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरूलाई पुनः मनोनयन गर्न सकिनेछ ।"

१२. मूल नियमावलीको नियम १४ ख. मा संशोधन : मूल नियमावलीको नियम १४ ख. को, —

(१) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएकोछः–

"(च) जिल्ला शिक्षा निरीक्षकको पूर्व स्वीकृति लिई प्रधान अध्यापक उपर सबै किसिमको विभागीय सजायं र अन्य शिक्षक तथा कर्मचारी उपर प्रधान अध्यापकले गर्ने बाहेकका अन्य विभागीय सजाय गर्ने,

(२) खण्ड (ञ) मा रहेको "जिल्ला" शिक्षा समितिलाई भन्ने शब्दहरूको सट्टा "जिल्ला शिक्षा निरीक्षकको कार्यालयलाई" भन्ने शब्दहरू राखिएकाछन् ।

(३) खण्ड (ठ) को सट्टा देहायका खण्ड (ठ) राखिएकोछ :–

"(ठ) जिल्ला शिक्षा समितिले तोकेको लेखा परीक्षकद्वारा लेखा परीक्षण गराउने र लेखा परीक्षकलाई अनुदान रकम बाहेक विद्यालयको अन्य स्रोतबाट पारिश्रमिक दिने,"

(४) खण्ड (थ) र (ब) झिकिएकाछन् ।

(५) खण्ड (ब) पछि देहायका खण्ड (भ), (म), (य), (र), (ल), (व), (श), (ष) र (स) थपिएकाछन्ः–

"(भ) विद्यालयमा कर्मचारीहरूको नियुक्ति गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(म) रिक्त रहेको शिक्षक पद स्थायी पूर्तिको लागि सो पद रिक्त रहेको मितिले सात दिनभित्र जिल्ला शिक्षा निरीक्षकको कार्यालयमा माग गर्ने र सो पदमा बढीमा छ महिनाको लागि अस्थायी नियुक्ति गर्ने तथा जिल्ला शिक्षा निरीक्षकको पूर्व स्वीकृति लिई बढीमा अर्को तीन महिनासम्म म्याद थप गर्ने।

तर सामुदायिक विद्यालयको सम्बन्धमा यो खण्ड लागू हुने छैन ।

(य) विद्यालयमा श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानीको तस्वीर अनिवार्य रूपमा राख्न लगाउने,

(र) प्रत्येक दिन कक्षा शुरू हुनुभन्दा अगाडि सम्पूर्ण विद्यार्थी तथा शिक्षकहरूलाई अनिवार्य रूपमा राष्ट्रिय गान गाउन लगाउने,

(ल) शिक्षक तथा कर्मचारीहरूको अभिलेख अद्यावधिक गराई राख्ने,

(व) विद्यालयका शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(श) शिक्षक छनौट समितिबाट सिफारिश भई आएका शिक्षकलाई स्थायी नियुक्ति दिने,

(ष) पुरस्कृत हुन योग्य शिक्षक तथा कर्मचारीहरूको नामावली जिल्ला शिक्षा निरीक्षकको कार्यालयमा सिफारिश गरी पठाउने,

(स) जिल्ला शिक्षा समिति र जिल्ला शिक्षा निरीक्षकको कार्यालयले दिएका निर्देशनहरूको पालना गर्ने ।"

१३. मूल नियमावलीको नियम १४ग. मा संशोधनः मूल नियमावलीको नियम १४ग. को सट्टा देहायको नियम १४ग. राखिएको छः–

"१४ग. विद्यालय सञ्चालक समिति विघटन हुने अवस्थाः (१) देहायको अवस्थामा माध्यमिक विद्यालय सञ्चालक समितिलाई क्षेत्रीय शिक्षा निरीक्षकले तथा पूर्व प्राथमिक र प्राथमिक विद्यालय सञ्चालक समितिलाई जिल्ला शिक्षा निरीक्षकले विघटन गर्न सक्नेछः–

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

(ख) विद्यालयको शैक्षिक वातावरण खलबल्याएमा,

(ग) श्री ५ को सरकारको नीति विपरित काम गरेमा,

(घ) विद्यालयको सञ्चालन सन्तोषजनक रूपमा नगरेमा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको निर्देशन पालन नगरेमा ।

(२) उपनियम (१) बमोजिम कुनै विद्यालय सञ्चालक समितिलाई विघटन गर्नुअघि सम्बन्धित विद्यालय सञ्चालक समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिइनेछ ।

(३) उपनियम (१) बमोजिम विद्यालय सञ्चालक समिति विघटन भएपछि अर्को विद्यालय सञ्चालक समिति गठन नभएसम्म विद्यालय सञ्चालक समितिको काम गर्न पूर्वप्राथमिक वा प्राथमिक विद्यालयको विद्यालय सञ्चालक समितिको सम्बन्धमा जिल्ला शिक्षा निरीक्षकले र माध्यमिक विद्यालयको विद्यालय सञ्चालक समितिको सम्बन्धमा क्षेत्रीय शिक्षा निरीक्षकले एक अस्थायी विद्यालय सञ्चालक समिति गठन गर्न सक्नेछ ।"

१४. मूल नियमावलीमा परिच्छेद–३ ग. थप: मूल नियमावलीको परिच्छेद–३ ख. पछि देहायको परिच्छेद–३ ग. थपिएको छ:–

"परिच्छेद–३ ग.

प्राथमिक शिक्षा उत्तीर्ण परीक्षाको सञ्चालन र नियन्त्रण

१४ च. प्राथमिक शिक्षा उत्तीर्ण परीक्षाको सञ्चालन र नियन्त्रण: (१) प्राथमिक शिक्षा उत्तीर्ण परीक्षासम्बन्धी काम जिल्ला शिक्षा निरीक्षकको कार्यालयबाट गरिनेछ ।

(२) प्राथमिक शिक्षा उत्तीर्ण परीक्षाको नीति निर्धारण र सञ्चालन गर्नको लागि प्रत्येक जिल्लामा देहायबमोजिम सदस्यहरू भएको एउटा प्राथमिक शिक्षा उत्तीर्ण परीक्षा समिति (यसपछि यस परिच्छेदमा "परीक्षा समिति" भनिएको) रहनेछ:–

(क) जिल्ला शिक्षा निरीक्षक – अध्यक्ष

(ख) प्राथमिक विद्यालयका प्रधान अध्यापकहरू मध्येबाट जिल्ला शिक्षा निरीक्षकबाट मनोनीत दुईजना – सदस्य

(ग) जिल्लास्तरीय राष्ट्रिय प्राथमिक शिक्षक संघका अध्यक्ष – सदस्य

(घ) जिल्ला शिक्षा निरीक्षकबाट मनोनीत एकजना – सदस्य-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 625

(३) परीक्षा समितिले परीक्षाको कार्यविधि निर्धारण गर्नेछ ।

(४) परीक्षा समितिले श्री ५ को सरकारबाट समय समयमा दिइने निर्देशनको पालना गर्नु पर्नेछ ।

(५) उपनियम (२) को खण्ड (ख) र (घ) मा उल्लेखित सदस्यहरूको पदावधि दुईवर्षको हुनेछ । पदावधि समाप्त भएपछि निजहरूलाई पुनः मनोनयन गर्न सकिनेछ ।

(६) आवश्यकता अनुसार अध्यक्षको अनुमति लिई सदस्य-सचिवले परीक्षा समितिको बैठकमा अन्य कुनै विशेषज्ञलाई भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

१४ छ. परीक्षा समितिको काम, कर्तव्य र अधिकार : (१) परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) परीक्षा सञ्चालन गर्ने गराउने,

(ख) परीक्षाफल प्रकाशित गर्ने र उत्तीर्ण परीक्षार्थीहरूलाई प्रमाणपत्र दिने,

(ग) आवश्यकतानुसार परीक्षा केन्द्र तोक्ने,

(घ) परीक्षाफल स्थगित राख्ने,

(ङ) परीक्षासम्बन्धी नियमको उलङ्घन गर्नेलाई परीक्षाबाट निष्काशन गर्ने,

(च) कुनै परीक्षा केन्द्रमा अनियमित कार्य भएमा कुनै विषयको वा सबै विषयको परीक्षा बदर गरी पुनः परीक्षा गराउने वा नगराउने वा त्यस्तो परीक्षा केन्द्र बन्द गर्ने,

(छ) दैवी दुर्घटना वा भवितव्यबाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्न वा परीक्षाफल प्रकाशित गर्न बाधा परेमा तुरुन्तै आवश्यक निर्णय लिने,

(ज) परीक्षा सञ्चालनसम्बन्धी कार्यविधि तयार गर्ने ।

(२) उपनियम (१) बमोजिमको काम, कर्तव्य र अधिकारमध्ये केही काम परीक्षा समितिले उप-समिति गठन गरी सो उप-समिति वा कुन अधिकारीलाई सुम्पन सक्नेछ ।

१४ ज. परीक्षा समितिको अध्यक्षको विशेष अधिकार : (१) परीक्षा समितिको अध्यक्षको विशेष अधिकार देहायबमोजिम हुनेछः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 650

(क) प्रश्नपत्र निर्माता, प्रधान परीक्षक, परीक्षक, केन्द्राध्यक्ष र अरू आवश्यक कर्मचारीहरूको व्यवस्था गर्ने, र

(ख) निष्पक्ष तरिकाबाट परीक्षा सञ्चालन र उत्तर पुस्तिकाको जाँच गराउने तथा सो सम्बन्धमा निर्देशन दिने र अन्य आवश्यक व्यवस्था गर्ने ।

(२) परीक्षा समितिको अध्यक्षले उपनियम (१) बमोजिम आफूलाई प्राप्त अधिकार आंशिक वा पूर्णरूपले परीक्षा समितिको सदस्य-सचिवलाई सुम्पन सक्नेछ ।

१४झ. परीक्षा समितिको सदस्य-सचिवको काम, कर्तव्य र अधिकार : परीक्षा समितिको सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) परीक्षा समितिले गरेको निर्णय कार्यान्वयन गर्ने,

(ख) परीक्षा समितिको अध्यक्षले दिएको निर्देशन पालन गर्ने, र

(ग) परीक्षा समितिको निर्णय प्रमाणित गर्ने ।

१४ञ. परीक्षा समितिको बैठक र बैठकसम्बन्धी कार्यविधिः (१) परीक्षा समितिको बैठक अध्यक्षको स्वीकृति लिई सदस्य-सचिवले बोलाउनेछ ।

(२) परीक्षा समितिको बैठकको निर्णय उपस्थित सदस्यहरूको बहुमतबाट हुनेछ ।

(३) सम्पूर्ण सदस्य संख्याको आधाभन्दा बढी सदस्यहरू उपस्थित नभएमा बैठक हुन सक्ने छैन ।

(४) परीक्षा समितिको बैठकको कार्यविधि परीक्षा समितिले आफैं व्यवस्थित गर्न सक्नेछ ।

(५) परीक्षा समितिको अध्यक्षको अनुपस्थितिमा सो समितिका सदस्यहरूमध्ये छानिएका सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।"

१५. मूल नियमावलीको नियम २० मा संशोधन : मूल नियमावलीको नियम २० को,–

(१) उपनियम (१) को खण्ड (घ) मा रहेको "निर्देशनालयको" भन्ने शब्दको सट्टा "कार्यालयको" भन्ने शब्द राखिएको छ ।

(२) उपनियम (२) मा रहेको "विद्यालयका" भन्ने शब्दहरूको सट्टा "सार्वजनिक विद्यालयका" भन्ने शब्दहरू राखिएकाछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. मूल नियमावलीको नियम २१ मा संशोधनः मूल नियमावलीको नियम २१ को उपनियम (३) को,–

(१) खण्ड (घ) मा रहेको "समितिबाट" भन्ने शब्दको सट्टा "जिल्ला शिक्षा समितिबाट" भन्ने शब्दहरू राखिएकाछन् ।

(२) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः–

"(ञ) सार्वजनिक विद्यालयका समान तह र श्रेणीका शिक्षकहरूले पारस्परिक आधारमा एक अर्को विद्यालयमा सरुवा हुन सम्बन्धित विद्यालय सञ्चालक समितिहरूको सहमतिपत्र समेत संलग्न राखी निवेदन दिएमा वा एक विद्यालयको शिक्षकलाई अर्को विद्यालयमा सरुवा गर्न आवश्यक देखिएमा सरुवा गर्ने,"

१७. मूल नियमावलीको नियम २३ मा संशोधनः मूल नियमावलीको नियम २३ को,–

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

"(१) जिल्लाका सार्वजनिक विद्यालयहरूमा शिक्षकहरूको नियुक्तिको लागि सिफारिश गर्न देहायका सदस्यहरू भएको एक शिक्षक छनोट समिति रहनेछः–

(क) क्षेत्रीय शिक्षा निरीक्षकबाट मनोनीत एकजना – अध्यक्ष

(ख) प्रमुख जिल्ला अधिकारी वा निजको प्रतिनिधि एकजना – सदस्य

(ग) नेपाल राष्ट्रिय माध्यमिक शिक्षक संघ जिल्ला परिषद्का सदस्यहरू मध्येबाट जिल्ला शिक्षा निरीक्षकको सिफारिशमा क्षेत्रीय शिक्षा निरीक्षकद्वारा मनोनीत एकजना (माध्यमिक शिक्षक छनोट गर्ने कार्यका लागि मात्र) – सदस्य

(घ) नेपाल राष्ट्रिय प्राथमिक शिक्षक संघ जिल्ला परिषद्का सदस्यहरू मध्येबाट जिल्ला शिक्षा निरीक्षकको सिफारिशमा क्षेत्रीय शिक्षा निरीक्षकद्वारा मनोनीत एकजना (प्राथमिक शिक्षक छनोट गर्ने कार्यका लागि मात्र) – सदस्य

(ङ) जिल्ला शिक्षा निरीक्षक – सस्दय-सचिव

(२) उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छः–

"(४) शिक्षक छनोट समितिले आवश्यक ठानेमा सम्बन्धित विषयको विशेषज्ञलाई शिक्षकको अन्तरवार्ता लिंदा आमन्त्रण गर्न सक्नेछ र निजले अन्य सदस्यले पाए सरहको सुविधा पाउनेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. मूल नियमावलीको नियम २४ मा संशोधनः  मूल नियमावलीको नियम २४ को सट्टा देहायको नियम २४ राखिएको छः–

"२४. शिक्षक छनोट समितिको काम, कर्तव्य र अधिकार : शिक्षक छनोट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) जिल्ला शिक्षा समितिबाट स्वीकृत दरबन्दी अनुसार रिक्त रहेको शिक्षक पद पूर्ति गर्नु पर्दा प्राथमिक शिक्षकको हकमा प्राथमिक तहको पाठ्यक्रमबमोजिम पढाउन सक्ने र माध्यमिक सहायक शिक्षक र माध्यमिक शिक्षकको हकमा विषय मिल्ने शिक्षक संस्थाको विवरण जिल्ला शिक्षा निरीक्षकको कार्यालय मार्फत लिने,

(ख) जिल्लाका विद्यालयहरूमा रिक्त शिक्षक पद पूर्ति गर्न खुल्ला प्रतियोगिताको लागि स्थानीय पत्र-पत्रिकामा समेत विज्ञापन प्रकाशित गर्ने र दरखास्त लिने,

(ग) खण्ड (ख) बमोजिम पर्न आएको दरखास्त उपर छानवीन गरी देहायको तरीका अपनाई उपयुक्त उम्मेदवार छनोट गर्नेः–

(१) सार्वजनिक खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा,

(२) अन्तरवार्ता,

(३) प्रयोगात्मक परीक्षा (आवश्यक परेमा मात्र) ।

(घ) खण्ड (ग) बमोजिम परीक्षासम्बन्धी पाठ्यक्रम समय समयमा सम्बन्धित विशेषज्ञको परामर्श लिई निर्धारण गर्ने ।

(ङ) योग्य उम्मेदवारहरू छनोट गरी नियुक्तिका लागि जिल्ला शिक्षा निरीक्षकको कार्यालयमा पठाउने ।"

१९. मूल नियमावलीको नियम २७ मा संशोधनः  मूल नियमावलीको नियम २७ को खण्ड (म) को उपखण्ड (आ) झिकिएको छ ।

२०. मूल नियमावलीको नियम २८ मा संशोधनः  मूल नियमावलीको नियम २८ को सट्टा देहायको नियम २८ राखिएको छः–

"२८. अधिकारी तोकिएकोः  (१) ऐनको दफा १५ र १६ को प्रयोजनको लागि तोकिएको अधिकारीमा माध्यमिक विद्यालयको सम्बन्धमा क्षेत्रीय शिक्षा निरीक्षक र अन्य विद्यालयको सम्बन्धमा जिल्ला शिक्षा निरीक्षकलाई तोकिएको छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 652

(२) ऐनको दफा १७ को उपदफा (२) को प्रयोजनको लागि तोकिएको अधिकारीमा देहायको विषयमा देहायबमोजिम तोकिएकोछः–

(क) विद्यालयका शिक्षक वा कर्मचारीलाई नसिहत दिने र सात दिन सम्मको तलब कट्टा गर्ने सम्बन्धमा प्रधान अध्यापक ।

(ख) विद्यालयका प्रधान अध्यापकलाई नसिहत दिने र प्रधान अध्यापक वा शिक्षकलाई ग्रेड वृत्ति रोक्का गर्ने, पदोन्नति रोक्का गर्ने, खाइपाई आएको ग्रेड घटुवा गर्ने, तल्लो पद वा तल्लो श्रेणीमा घटुवा गर्ने र बर्खास्त गर्ने सम्बन्धमा प्राथमिक विद्यालयका प्रधान अध्यापक र शिक्षकको हकमा जिल्ला शिक्षा निरीक्षकको पूर्व स्वीकृति लिई र माध्यमिक विद्यालयका प्रधान अध्यापक र शिक्षकको हकमा जिल्ला शिक्षा निरीक्षकमार्फत क्षेत्रीय शिक्षा निरीक्षकको पूर्व स्वीकृति लिई विद्यालय सञ्चालक समिति ।

तर सामुदायिक विद्यालयका प्रधान अध्यापक वा शिक्षकलाई यस खण्डबमोजिम सजाय गर्दा सम्बन्धित विद्यालय सञ्चालक समितिले जिल्ला शिक्षा निरीक्षक वा क्षेत्रीय शिक्षा निरीक्षकको पूर्व स्वीकृति लिनु पर्ने छैन ।

(ग) विद्यार्थीलाई विद्यालय वा छात्रावासबाट निष्काशन गर्ने सम्बन्धमा प्रधान अध्यापक र परीक्षाबाट निष्काशन गर्ने सम्बन्धमा विद्यालयको परीक्षाको हकमा प्रधान अध्यापक र माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको सम्बन्धमा केन्द्राध्यक्ष ।

(घ) दुईहजार रूपैयाँसम्म जरिवाना गर्ने सम्बन्धमा माध्यमिक विद्यालयका प्रधान अध्यापक वा शिक्षकको हकमा क्षेत्रीय शिक्षा निरीक्षक र सो बाहेक अन्य विद्यालयका प्रधान अध्यापक वा शिक्षकका हकमा जिल्ला शिक्षा निरीक्षक ।

(ङ) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजाको आधारमा विद्यालयको अनुदान थपघट गर्ने बाहेक अन्य कुनै कारणले विद्यालयहरूलाई सरकारी अनुदान घटाउने, रोक्ने र बन्द गर्ने सम्बन्धमा माध्यमिक विद्यालयको हकमा क्षेत्रीय शिक्षा निरीक्षक र प्राथमिक विद्यालयको सम्बन्धमा जिल्ला शिक्षा निरीक्षक ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 658

(च) विद्यालयलाई प्रदान गरेको अनुमति वा स्वीकृति रद्द गर्ने सम्बन्धमा माध्यमिक विद्यालयको हकमा क्षेत्रीय शिक्षा निरीक्षक र अन्य विद्यालयको हकमा जिल्ला शिक्षा निरीक्षक ।

(३) ऐनको दफा १७ क. को प्रयोजनको लागि तोकिएको अधिकारीमा जिल्ला शिक्षा निरीक्षकलाई तोकिएको छ ।"

२१. मूल नियमावलीको परिच्छेद – ११ मा संशोधन : मूल नियमावलीको परिच्छेद– ११ मा ठाउँ ठाउँमा प्रयोग भइरहेका "गैर सरकारी" भन्ने शब्दहरू झिकिएका छन् ।

२२. मूल नियमावलीमा परिच्छेद १२ क. थप : मूल नियमावलीको परिच्छेद– १२ पछि देहायको परिच्छेद – १२ क. थपिएको छः–

"परिच्छेद – १२ क.

विद्यालय शिक्षा सेवाको गठन तथा तह र श्रेणी विभाजन

३५क. विद्यालय शिक्षा सेवाको गठन : सार्वजनिक विद्यालयमा कक्षा एक देखि कक्षा दशसम्म अध्यापन गर्नको लागि नियुक्त भएका शिक्षकहरूको विद्यालय शिक्षा सेवा गठन गरिनेछ ।

३५ख. विद्यालय शिक्षा सेवाको तह विभाजन : (१) नियम ३५क. बमोजिमको विद्यालय शिक्षा सेवालाई देहायबमोजिम दुई तहमा विभाजन गरिएको छः–

(क) कक्षा एक देखि कक्षा पाँचसम्म अध्यापन गर्नको लागि नियुक्त भएका शिक्षकहरूलाई प्राथमिक तह, र

(ख) कक्षा छ देखि कक्षा दशसम्म अध्यापन गर्नको लागि नियुक्त भएका शिक्षकहरूलाई माध्यमिक तह ।

(२) माध्यमिक तहका शिक्षकहरूलाई देहायबमोजिम दुई तहमा विभाजन गरिएको छः–

(क) कक्षा ६ र ७ मा अध्यापन गर्नको लागि नियुक्त भएको शिक्षकलाई माध्यमिक सहायक शिक्षक तह, र

(ख) कक्षा ८ देखि १० सम्म अध्यापन गर्नको लागि नियुक्त भएको शिक्षकलाई माध्यमिक शिक्षक तह ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५ग. विद्यालय शिक्षा सेवाको श्रेणी विभाजन : नियम ३५ ख. बमोजिमको प्राथमिक तह र माध्यमिक तहका शिक्षकहरूको वृत्ति विकासका लागि शिक्षकहरूलाई देहायबमोजिम विभिन्न श्रेणीमा वर्गीकरण गरिएको छः–

(क) प्राथमिक तहः प्राथमिक तहका शिक्षकहरूलाई देहायबमोजिम चार श्रेणीमा विभाजन गरिएको छः–

१. प्राथमिक शिक्षक प्रथम श्रेणी
२. प्राथमिक शिक्षक द्वितीय श्रेणी
३. प्राथमिक शिक्षक तृतीय श्रेणी
४. प्राथमिक शिक्षक चतुर्थ श्रेणी

(ख) माध्यमिक तहः माध्यमिक तहका शिक्षकहरूलाई देहायबमोजिमका श्रेणीमा विभाजन गरिएको छः–

(१) माध्यमिक सहायक शिक्षक तहः

१. माध्यमिक सहायक शिक्षक प्रथम श्रेणी
२. माध्यमिक सहायक शिक्षक द्वितीय श्रेणी
३. माध्यमिक सहायक शिक्षक तृतीय श्रेणी

(२) माध्यमिक शिक्षक तहः

१. माध्यमिक शिक्षक प्रथम श्रेणी
२. माध्यमिक शिक्षक द्वितीय श्रेणी
३. माध्यमिक शिक्षक तृतीय श्रेणी
४. माध्यमिक शिक्षक चतुर्थ श्रेणी

३५घ. विभिन्न तह र श्रेणीको पद संख्या : सार्वजनिक विद्यालयमा श्री ५ को सरकारबाट निकासा भएको विभिन्न तहको शिक्षक दरबन्दी संख्याको आधारमा देहायबमोजिमको दरले विभिन्न श्रेणीको पद संख्या प्राथमिक तहको हकमा जिल्ला स्तरमा र माध्यमिक तहको हकमा क्षेत्रीय स्तरमा निर्धारण गरिनेछः–

(क) प्राथमिक तह र माध्यमिक शिक्षक तह सम्बन्धमाः

| जम्मा पद संख्या | चतुर्थ श्रेणी | तृतीय श्रेणी | द्वितीय श्रेणी | प्रथम श्रेणी |
|---|---|---|---|---|
| १ | १ | – | – | – |
| २ | २ | – | – | – |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 6592

| जम्मा पदसंख्या | चतुर्थ श्रेणी | तृतीय श्रेणी | द्वितीय श्रेणी | प्रथम श्रेणी |
|---|---|---|---|---|
| ३ | ३ | – | – | – |
| ४ | ४ | – | – | – |
| ५ | ४ | १ | – | – |
| १० | ८ | २ | – | – |
| १५ | १२ | ३ | – | – |
| २० | १६ | ४ | – | – |
| २५ | २० | ४ | १ | – |
| ५० | ४० | ८ | २ | – |
| ७५ | ६० | १२ | ३ | – |
| १०० | ८० | १६ | ४ | – |
| १२५ | १०० | २० | ४ | १ |

(ख) माध्यमिक सहायक शिक्षक तहलाई तीन श्रेणी कायम गरिएको हुँदा खण्ड (क) मा लेखिएका चतुर्थ, तृतीय र द्वितीय श्रेणीलाई क्रमशः तृतीय, द्वितीय र प्रथम श्रेणी मानी जम्मा पद संख्या १ देखि २५ सम्मको दर कायम गरिनेछ ।

३५ङ. शुरू नियुक्ति : (१) नियम ३५ घ. बमोजिमको तह र पदमा शिक्षक छनोट समितिद्वारा सिफारिश भै आएका देहायका तहका शिक्षकहरूलाई देहायबमोजिमको श्रेणीमा शुरू नियुक्ति गरिनेछ :–

(क) प्राथमिक तहः

प्रवेशिका परीक्षा वा सो सरह उत्तीर्ण वा सो भन्दा माथिको योग्यता प्राप्त शिक्षकलाई प्राथमिक शिक्षक चतुर्थ श्रेणीमा,

(ख) माध्यमिक तहः

(१) कक्षा ६ र ७ मा अध्यापनको लागि छनोट भएका प्रमाण-पत्र वा सो सरह उत्तीर्ण वा सो भन्दा माथिको योग्यता प्राप्त शिक्षकलाई माध्यमिक सहायक शिक्षक तृतीय श्रेणीमा,

(२) कक्षा ८, ९ र १० मा अध्यापनको लागि छनोट भएका स्नातक तह वा सो सरह उत्तीर्ण वा सो भन्दा माथिको योग्यता प्राप्त शिक्षकलाई माध्यमिक शिक्षक चतुर्थ श्रेणीमा ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम लागू हुनुभन्दा पहिले स्थायी नियुक्त भएका शिक्षकहरूको श्रेणी देहायबमोजिम कायम भएको मानिनेछः–

(क) प्राथमिक तहः

(१) प्रवेशिका परीक्षा वा सो सरह उत्तीर्ण गरेका शिक्षकलाई प्राथमिक शिक्षक चतुर्थ श्रेणी ।

(२) प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा सो भन्दा माथिको योग्यता प्राप्त गरेको शिक्षकलाई प्राथमिक शिक्षक तृतीय श्रेणी ।

(ख) माध्यमिक तहः

(१) प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा सो भन्दा माथिको योग्यता प्राप्त गरी यो नियम लागू हुनुभन्दा पहिलेको निम्न माध्यमिक शिक्षक पदमा स्थायी नियुक्ति भई काम गरिरहेका शिक्षकलाई माध्यमिक सहायक शिक्षक तृतीय श्रेणी ।

(२) स्नातक तह वा सो सरह वा सो भन्दा माथिको योग्यता प्राप्त गरी माध्यमिक शिक्षक पदमा नियुक्ति भई काम गरिरहेका शिक्षकलाई माध्यमिक शिक्षक चतुर्थ श्रेणी ।

(३) स्नातक तह वा सो सरह वा सो भन्दा माथिको योग्यता प्राप्त गरी माध्यमिक विद्यालयको प्रधान अध्यापक पदमा स्थायी नियुक्ति भई काम गरिरहेका प्रधान अध्यापकलाई माध्यमिक शिक्षक द्वितीय श्रेणी ।

३५च. जेष्ठता : विद्यालय शिक्षा सेवामा नियुक्त भएका शिक्षकहरूको परस्परको जेष्ठताको क्रम निजहरूको शैक्षिक योग्यता, तालीम, कार्य-दक्षता मूल्याङ्कन र नोकरी अवधिको आधारमा निर्धारण गरिनेछ ।

३५छ. परीक्षणकालः (१) नियम ३५ ङ को उपनियम (१) बमोजिम विद्यालय शिक्षा सेवामा नियुक्ति गरिएका शिक्षकहरूलाई एकवर्षको परीक्षणकालमा राखिनेछ ।

(२) उपनियम (१) बमोजिमको परीक्षणकालमा राखिएका शिक्षकको काम सन्तोषजनक नभएमा निजलाई सेवाबाट हटाउन सकिनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३. मूल नियमावलीको नियम ३६ मा संशोधन : मूल नियमावलीको नियम ३६ को सट्टा देहायको नियम ३६ राखिएको छः–

"३६. शिक्षक तथा कर्मचारीको नियुक्ति : (१) विद्यालयको रिक्त शिक्षक पदमा नियुक्ति गर्दा शिक्षक छनोट समितिले छनोट गरी जिल्ला शिक्षा निरीक्षकले सिफारिश गरेका उम्मेदवारहरूलाई विद्यालय सञ्चालक समितिले एकवर्षको परीक्षणकालमा रहने गरी स्थायी नियुक्ति गर्नु पर्नेछ ।

तर कुनै विद्यालयमा कुनै विषयको शिक्षक पद रिक्त भएमा अरू विद्यालयमा सोही विषयको योग्यता भएको बहालवाला स्थायी शिक्षक बढी रहेछ भने त्यस्तो शिक्षकलाई नै जिल्ला शिक्षा निरीक्षकको कार्यालयले खाली शिक्षक दरबन्दी भएको विद्यालयमा सरुवा गरी पठाउन सक्नेछ र सम्बन्धित विद्यालयको सञ्चालक समितिले पनि त्यसरी सरुवा गरी पठाएको शिक्षकलाई पदस्थापना गरी अध्यापन गराउनु पर्नेछ ।

(२) विद्यालयका कर्मचारीको नियुक्ति विद्यालय सञ्चालक समिति आफैंले उम्मेदवारहरू छनोट गरी गर्न सक्नेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय र सामुदायिक आवासीय विद्यालयको विद्यालय सञ्चालक समितिले आफैं योग्य शिक्षक छनोट गरी नियुक्ति गर्न सक्नेछ ।

(४) उपनियम (१), (२) वा (३) बमोजिम नियुक्ति हुनु अगावै सम्बन्धित उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, नेपाली नागरिकता र अनुसूची–१ बमोजिमको ढाँचामा निरोगिताको प्रमाणपत्र नियुक्ति गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(५) विद्यालयमा नियुक्ति गरिएका प्रत्येक शिक्षक वा कर्मचारीलाई निजले पाउने तलब र अन्य सुविधा भए सो समेत खोली नियुक्तिपत्र दिनु पर्नेछ ।

(६) प्रधान अध्यापकले उपनियम (१), (२) वा (३) बमोजिम नियुक्ति गरिएका शिक्षक वा कर्मचारीको फोटो, अनुसूची–२ बमोजिमको ढाँचामा शपथग्रहण गराइएको कागजात र अन्य पूर्ण विवरण सहितको अभिलेख नियुक्ति गरेको सात दिनभित्र जिल्ला शिक्षा निरी-


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 655

क्षकको कार्यालयमा पठाउनु पर्नेछ र त्यस्तो अभिलेखको एक प्रति सम्बन्धित विद्यालयमा समेत राख्नु पर्नेछ ।

(७) नियुक्ति गर्ने अधिकारीले यो नियमावली बमोजिम बर्खास्त गरिएका शिक्षक तथा कर्मचारीको नाम सहितको विवरण बर्खास्त गरिएको सात दिनभित्र जिल्ला शिक्षा निरीक्षकको कार्यालयमा पठाउनु पर्नेछ ।"

२४. मूल नियमावलीको नियम ३७ मा संशोधन : मूल नियमावलीको नियम ३७ को उपनियम (१) को,–

(१) खण्ड (ग) मा रहेका "छ महिना" भन्ने शब्दहरू झिकिएका छन् ।

(२) खण्ड (च) मा रहेका "पचपन्न वर्ष" भन्ने शब्दहरूको सट्टा "पैंतालिस वर्ष" भन्ने शब्दहरू राखिएका छन् ।

२५. मूल नियमावलीमा नियम ३७ क. ३७ ख. र ३७ ग. थप : मूल नियमावलीको नियम ३७ पछि देहायका नियम ३७ क. ३७ ख. र ३७ ग. थपिएका छन्:–

"३७क. बढुवाको निमित्त संभाव्य उम्मेदवार बन्न सक्ने : नियम ३५ङ, बमोजिमको तह र श्रेणीमा स्थायी नियुक्त भै एक श्रेणीमा घटीमा पाँच शैक्षिक सत्र नोकरी अवधि पूरा गरेको शिक्षक एक तह माथिको श्रेणीमा बढुवाको निमित्त संभाव्य उम्मेदवार बन्न सक्नेछ ।

तर देहायको अवस्थामा देहायको अवधिभर त्यस्तो शिक्षक बढुवाको लागि उम्मेदवार हुन पाउने छैन:–

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर ।

(ख) बढुवा रोक्का गरिएकोमा त्यसरी रोक्का भएको अवधिभर ।

(ग) तल्लो पदमा घटुवा गरेकोमा घटुवा भएको मितिले दुईवर्षसम्म ।

(घ) ग्रेड कट्टा भएको वा रोक्का भएको वा तल्लो श्रेणीमा घटुवा गरेकोमा सो भएको मितिले एकवर्षसम्म ।

(ङ) तीन पटकसम्म नसीहत पाएकोमा अन्तिम पटक नसिहत पाएको मितिले एकवर्षसम्म ।

(च) जुनसुकै कारणले तलव नपाउने गरी विद्यालयमा अनुपस्थित रहेकोमा त्यस्तो अनुपस्थित रहेको अवधिभर ।

३७ख. बढुवाको लागि मूल्याङ्कन गर्ने आधार : विद्यालय शिक्षा सेवाका शिक्षकलाई बढुवा गर्दा देहायबमोजिम मूल्याङ्कन गरी सबैभन्दा बढी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अङ्क प्राप्त गर्ने शिक्षकलाई सबैभन्दा पहिले बढुवा गरिनेछ । समान अङ्क प्राप्त गर्ने शिक्षकको हकमा नोकरीको जेष्ठताको आधारमा बढुवा गरिनेछः–

(क) नोकरीको जेष्ठता : नोकरीको जेष्ठताको लब्धाङ्क गणना गर्दा देहायको अनुसार अङ्क दिइनेछः–

(अ) हाल बहाल रहेको श्रेणीको पदमा काम गरेको प्रत्येक शैक्षिक सत्रको लागि अङ्क ६ को दरले ।

(आ) उपखण्ड (अ) भन्दा एक तह मुनिको श्रेणीमा काम गरेको प्रत्येक शैक्षिक सत्रको लागि अङ्क ४ को दरले ।

(इ) उपखण्ड (आ) भन्दा एक तह मुनिको श्रेणीमा काम गरेको प्रत्येक शैक्षिक सत्रको लागि अङ्क २ को दरले ।

तर नोकरीको जेष्ठता वापत अधिकतम अङ्क १०० भन्दा बढी दिइने छैन र यस खण्डको प्रयोजनको लागि तलब नपाउने गरी विद्यालयमा अनुपस्थित रहेको अवधिलाई काम गरेको अवधि मानिने छैन ।

(ख) शैक्षिक योग्यता: शैक्षिक योग्यता वापत देहायको पदमा देहाय अनुसार अङ्क दिइने छः–

(१) प्राथमिक शिक्षकको लागिः

(अ) एस्. एल्. सी. वा सो सरहको परीक्षा उत्तीर्ण भएकोमा सो परीक्षामा जति प्रतिशत अङ्क प्राप्त गरेको छ त्यसको २० प्रतिशत अङ्क दिइनेछ ।

(आ) प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण भएकोमा सो परीक्षामा जति प्रतिशत अङ्क प्राप्त गरेको छ त्यसको २० प्रतिशत अङ्क दिइनेछ ।

(इ) स्नातक उपाधि वा सो सरह वा सो भन्दा माथिको शैक्षिक योग्यता प्राप्त गरेकोमा सो मध्ये बढी अङ्क पाउने एउटा उपाधिको मात्र जति प्रतिशत अङ्क प्राप्त गरेको छ त्यसको १० प्रतिशत अङ्क दिइनेछ ।

(२) माध्यमिक सहायक शिक्षकको लागिः

(अ) प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएकोमा सो परीक्षामा जति प्रतिशत अङ्क प्राप्त गरेको छ त्यसका २० प्रतिशत अङ्क दिइनेछ ।

(आ) कक्षा ६ र ७ मा अध्यापन गरिरहेका विषयहरू-सँग सम्बन्धित कुनै विषय वा विषयहरू लिई प्रमाणपत्र तहमा उत्तीर्ण भएकोमा ती सम्बन्धित विषयहरू मध्येबाट सबैभन्दा बढी अङ्क पाएको एउटा विषयको मात्र जति प्रतिशत अङ्क प्राप्त गरेको छ त्यसको २० प्रतिशत अङ्क दिइनेछ ।

(इ) स्नातक उपाधि वा सो सरह वा सो भन्दा माथिको शैक्षिक योग्यता प्राप्त गरेकोमा सो मध्ये बढी अङ्क पाएको एउटा उपाधिको मात्र जति प्रतिशत अङ्क प्राप्त गरेको छ त्यसको १० प्रतिशत अङ्क दिइनेछ ।

(३) माध्यमिक शिक्षकको लागिः

(अ) स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण भएकोमा सो परीक्षामा जति प्रतिशत अङ्क प्राप्त गरेको छ त्यसको २० प्रतिशत अङ्क दिइनेछ ।

(आ) कक्षा ८, ९ र १० मा अध्यापन गरिरहेका विषयहरू-सँग सम्बन्धित कुनै विषय वा विषयहरू स्नातक तहमा लिई उत्तीर्ण भएकोमा ती सम्बन्धित विषयहरू मध्ये सबैभन्दा बढी अङ्क पाएको एउटा विषयको मात्र जति प्रतिशत अङ्क प्राप्त गरेको छ त्यसको २० प्रतिशत अङ्क दिइनेछ ।

(इ) स्नातकोत्तर उपाधि वा सो सरह वा सो भन्दा माथिको शैक्षिक योग्यता प्राप्त गरेकोमा सो मध्ये बढी अङ्क पाएको एउटा उपाधिको मात्र जति प्रतिशत अङ्क प्राप्त गरेको छ त्यसको १० प्रतिशत अङ्क दिइनेछ ।

(ग) तालीम : तालीम बापत देहाय अनुसारको अङ्क दिइनेछः–

(१) प्राथमिक शिक्षकको लागिः–

(अ) प्राथमिक शिक्षा शिक्षण विधिसँग सम्बन्धित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विषयमा पाँच महिना वा सो भन्दा बढी अवधिको तालीमको प्याकेज प्रोग्राम पूरा गरेको सेवाकालीन वा पूर्व सेवाकालीन तालीम वा १५० घण्टाको आधारभूत तालीम लिएकोमा देहायबमोजिम अङ्क दिइनेछः–

(१) तालीम पूरा गरेको प्रमाणपत्र र लब्धाङ्क समेत पेश गरेकोमा जति प्रतिशत अङ्क प्राप्त गरेको छ त्यसको २० प्रतिशत अङ्क, र

(२) तालीम पूरा गरेको प्रमाणपत्र मात्र भएको तर लब्धाङ्क नभएको वा पेश नगरेकोमा एकमुष्ट ६ अङ्क ।

(आ) प्राथमिक शिक्षा शिक्षक विधिसँग सम्बन्धित विषयमा एउटा प्याकेज प्रोग्राम पूरा गरिसकेर त्योभन्दा उच्च स्तरको अर्को स्वीकृत तालीम प्याकेज पूरा गरेकोमा देहायबमोजिम अङ्क दिइनेछः–

(१) तालीम पूरा गरेको प्रमाणपत्र र लब्धाङ्क समेत पेश गरेकोमा जति प्रतिशत अङ्क प्राप्त गरेको छ त्यसको ५ प्रतिशत अङ्क, र

(२) तालीम पूरा गरेको प्रमाणपत्र मात्र भएको तर लब्धाङ्क नभएको वा पेश नगरेकोमा एकमुष्ट ३ अङ्क ।

(इ) खण्ड (अ) र (आ) मा उल्लेखित तालीम मध्ये एक वा दुवै तालीम प्राप्त गरेपछि छोटो अवधिको स्वीकृत पुनर्ताजगी तालीम वा विद्यालय प्रशासन सम्बन्धी तालीम लिएकोमा एकमुष्ट ३ अङ्क दिइनेछ ।

(२) माध्यमिक सहायक शिक्षकको लागिः

(अ) आफूले अध्यापन गरिरहेको विषयको शिक्षण विधिसँग सम्बन्धित विषयमा दश महीना वा सो भन्दा बढी अवधिको तालीमको स्वीकृत प्याकेज



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
८०३
मुद्रण विभाग

प्रोग्राम पूरा गरेको सेवाकालीन वा पूर्व सेवाकालीन तालीम लिएकोमा देहायबमोजिम अङ्क दिइनेछः–

(१) तालीम पूरा गरेको प्रमाणपत्र र लब्धाङ्क समेत पेश गरेकोमा जति प्रतिशत अङ्क प्राप्त गरेको छ त्यसको २० प्रतिशत अङ्क, र

(२) तालीम पूरा गरेको प्रमाणपत्र मात्र भएको तर लब्धाङ्क नभएको वा पेश नगरेकोमा एकमुष्ट ६ अङ्क ।

(आ) आफूले अध्यापन गरिरहेको विषयमा खण्ड (अ) मा उल्लेखित तालीम पूरा गरेपछि सो भन्दा उच्च-स्तरको अर्को स्वीकृत तालीम प्याकेज पूरा गरेकोमा वा छोटो अवधिको स्वीकृत पुनर्ताजगी तालीम लिएकोमा देहायबमोजिम अङ्क दिइनेछः–

(१) तालीम पूरा गरेको प्रमाणपत्र र लब्धाङ्क समेत पेश गरेकोमा जति प्रतिशत अङ्क प्राप्त गरेको छ त्यसको ८ प्रतिशत अङ्क, र

(२) तालीम पूरा गरेको प्रमाणपत्र मात्र भएको तर लब्धाङ्क नदिएको वा पेश नगरेकोमा एकमुष्ट ३ अङ्क ।

(३) माध्यमिक शिक्षकको लागिः–

(अ) आफूले अध्यापन गरिरहेको विषयको शिक्षण विधिसँग सम्बन्धित विषयमा दश महीना वा सो भन्दा बढी अवधिको सेवाकालीन वा पूर्व सेवाकालीन तालीम लिएकोमा देहायबमोजिम अङ्क दिइनेछः–

(१) तालीम पूरा गरेको प्रमाणपत्र लब्धाङ्क समेत पेश गरेकोमा जति प्रतिशत अङ्क प्राप्त गरेको छ त्यसको १० प्रतिशत अङ्क, र

(२) तालीम पूरा गरेको प्रमाणपत्र मात्र भएको तर लब्धाङ्क प्राप्त नभएको वा पेश नगरेकोमा एकमुष्ट ३ अङ्क ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(आ) आफूले अध्यापन गरिरहेको विषयमा खण्ड (अ) मा उल्लेखित तालीम पूरा गरेपछि त्यो भन्दा उच्चस्तरको अर्को स्वीकृत तालीम लिएकोमा वा विद्यालय प्रशासनसम्बन्धी तालीम लिएकोमा एकमुष्ट ८ अङ्क दिइनेछ।

स्पष्टिकरणः

(१) आई. ए. वा सो सरह उत्तीर्ण गरेपछि आई. एड्. को उपाधि प्राप्त गरेको छ वा वि. ए. वा सो सरह उत्तीर्ण गरेपछि बि. एड्. को उपाधि प्राप्त गरेको छ भने त्यस्तो आई. ए., वि. ए. वा सो सरहको उपाधि-लाई शैक्षिक योग्यतामा गणना गरिनेछ र आई. एड्. तथा वि. एड्. लाई तालीममा गणना गरिनेछ ।

(२) एस्. एल्. सी परीक्षा उत्तीर्ण गरी आई. एड्. वा वि. एड्. को उपाधि मात्र प्राप्त गरेको छ भने त्यस्तो आई. एड्. र वि. एड्. को कूल प्राप्ताङ्कको आधारमा शैक्षिक योग्यताको निमित्त अङ्क दिइनेछ र आफूले अध्यापन गरिरहेको विषयको शिक्षण विधिसँग सम्बन्धित आई. एड्. र वि. एड्. को विषय र पत्रमा प्राप्त गरेको अङ्क मात्र तालीममा गणना गरिनेछ ।

(घ) कार्य दक्षताः कार्य दक्षता वापत अनुसूची–३ बमोजिमको कार्यदक्षता मूल्याङ्कन फाराम नं. १ मा शिक्षकको विद्यालयमा रूजु हाजिरी वापत अधिकतम २० अङ्कसम्म र अध्यापन विषयको परीक्षाफल वापत अधिकतम ३० अङ्कसम्म दिइनेछ र सो फाराम नं. १ सम्बन्धित शिक्षकले भरेपछि प्रधानाध्यापकले प्रमाणित गरिदिनु पर्नेछ ।

अनुसूची–३ बमोजिमको कार्य दक्षता मूल्याङ्कन फाराम नं. १ मा सम्बन्धित शिक्षकको शिक्षण क्षमता, लगनशीलता,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यवहार आदिको मूल्याङ्कन गरिने हुँदा शिक्षकको हकमा प्रधानाध्यापकले र प्रधानाध्यापकको हकमा विद्यालय सञ्चालक समितिको अध्यक्षले सुपरिवेक्षकको रूपमा मूल्याङ्कन गर्नेछ र सोही फाराममा पहिलो पुनरावलोकनकर्ताको रूपमा सम्बन्धित इलाका निरीक्षकले र दोस्रो पुनरावलोककर्ताको रूपमा जिल्ला शिक्षा निरीक्षकले मूल्याङ्कन गर्नेछन् । फाराम नं. २ मा प्रत्येक मूल्याङ्कनकर्ताले अधिकतम अङ्क ५० सम्म दिन सक्नेछ । मूल्याङ्कन-कर्ताले ८० प्रतिशतभन्दा बढी र ३० प्रतिशतभन्दा कम अङ्क दिनु परेमा क्षेत्रीय शिक्षा निरीक्षकबाट पूर्व स्वीकृति लिनु पर्नेछ ।

(ङ) विशेष जिम्मेवारीः प्रधानाध्यापक भई विशेष जिम्मेवारी लिई काम गरे वापत प्रत्येक शैक्षिक सत्रको लागि २ अङ्कका दरले बढीमा १० अङ्कसम्म दिइनेछ ।

(च) पुरस्कार, पदक, अलङ्कार र प्रशंशापत्रः श्री ५ महाराजाधिराज सरकारबाट बक्सेको तक्मा पदक, अलंकार तथा राष्ट्रिय शिक्षा समितिले दिएको पदक र प्रशंशापत्र वापत शिक्षकले पाएको सबै-भन्दा उच्च स्तर एकको लागि देहाएबमोजिमको अङ्क दिइनेछः—

(अ) श्री ५ महाराजाधिराज सरकारबाट बक्सेको तक्मा, पदक र अलंकारको लागि दिइने अङ्कः

| विभूषणः | अङ्कः |
|---|---|
| १. सेवा पदक | ३ |
| २. गोरखादक्षिणबाहु पदक | ३ |
| ३. त्रिशक्तिपट्ट पदक | ३ |
| ४. नेपालतारा पदक | ३ |
| ५. महेन्द्ररत्न भूषण | ४ |
| ६. महेन्द्ररत्न आभूषण | ४ |
| ७. महेन्द्ररत्न सुभूषण | ४ |
| ८. गोरखादक्षिणबाहु (पञ्चम श्रेणी) | ५ |
| ९. त्रिशक्तिपट्ट (पञ्चम श्रेणी) | ६ |
| १०. प्रबल गोरखादक्षिणबाहु (चतुर्थ श्रेणी) | ६ |
| ११. प्रख्यात त्रिशक्तिपट्ट (चतुर्थ श्रेणी) | ७ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. सुप्रबल गोरखादक्षिणबाहु (तृतीय श्रेणी) ७
१३. विख्यात त्रिशक्तिपट्ट (तृतीय श्रेणी) ८
१४. प्रसिद्ध प्रबल गोरखादक्षिणबाहु (द्वितीय श्रेणी) ८
१५. सुविख्यात त्रिशक्तिपट्ट (द्वितीय श्रेणी) ९
१६. सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु (प्रथम श्रेणी) ११
१७. ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट (प्रथम श्रेणी) १२

(आ) शिक्षा दिवस पदक वापत ४

(इ) राष्ट्रिय शिक्षा समितिले प्रदान गरेको प्रशंशापत्र वापत २

३७ग. बढुवा समितिः (१) नियम ३७ ख बमोजिम शिक्षकहरूलाई एक श्रेणीबाट अर्को श्रेणीमा बढुवा गर्न देहायबमोजिमको बढुवा समिति रहनेछः–

(क) प्राथमिक शिक्षकलाई एक श्रेणीबाट अर्को श्रेणीमा बढुवा गर्ने सम्बन्धमा नियम २३ बमोजिम गठित शिक्षक छनोट समिति ।

(ख) माध्यमिक सहायक शिक्षक र माध्यमिक शिक्षकलाई एक श्रेणीबाट अर्को श्रेणीमा बढुवा गर्न देहायबमोजिम बढुवा समिति रहनेछः–

१. क्षेत्रीय शिक्षा निरीक्षक – अध्यक्ष
२. क्षेत्रीय शिक्षा निरीक्षकको कार्यालयको विद्यालय प्रशासन हेर्ने उप-निरीक्षक – सदस्य
३. क्षेत्रीय शिक्षा निरीक्षकबाट मनोनीत जिल्ला शिक्षा निरीक्षक – सदस्य-सचिव

(२) उपनियम (१) बमोजिम सो समितिले यो नियम लागू भै शिक्षकहरूको पाँच शैक्षिक शत्रको कार्य दक्षता मूल्याङ्कन भएपछि बढुवा गर्ने कार्य शुरू गर्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम लागू हुनुभन्दा पहिले श्री ५ को सरकारबाट अनुदान पाउने गरी स्वीकृती प्राप्त विद्यालयमा श्री ५ को सरकारबाट स्वीकृत दरबन्दीमा स्थायी नियुक्ति भएका शिक्षकहरूको सम्बन्धमा देहायबमोजिमको कार्य दक्षता मूल्याङ्कनको आधारमा सम्भाव्य उम्मेदवार मानी बढुवाको कारवाही गरिनेछः–

| एउटा तहको एकै श्रेणीमा गरेको जम्मा नोकरी अवधि | सम्भाव्य उम्मेदवार हुन कार्य-दक्षता मूल्याङ्कन हुनुपर्ने अवधि |
|---|---|
| चार शैक्षिक शत्र वा सो भन्दा बढी | एक शैक्षिक सत्र |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| तीन शैक्षिक सत्र | दुई शैक्षिक सत्र |
| दुई शैक्षिक सत्र | तीन शैक्षिक सत्र |
| एक शैक्षिक सत्र | चार शैक्षिक सत्र |

२६. मूल नियमावलीको नियम ३९ मा संशोधनः मूल नियमावलीको नियम ३९ को सट्टा देहायको नियम ३९ राखिएको छः–

"३९. बिदाः (१) विद्यालयका शिक्षक तथा कर्मचारीले श्री ५ को सरकारद्वारा स्वीकृत सार्वजनिक बिदाको अतिरिक्त देहायबमोजिमको बिदाहरू पाउने छन्ः–

(क) पर्व बिदा वर्ष भरिमा तीन दिन,

(ख) महिला शिक्षक गर्भवती भएमा सुत्केरीको अघि पछि गरी साठी दिन प्रसूती बिदा । यस्तो बिदा बढीमा दुई बच्चा भएसम्मलाई मात्र दिइने छ ।

(ग) क्रिया बिदा पन्ध्र दिन,

(घ) बिरामी बिदा वर्ष भरिमा बाह्र दिन

(ङ) असाधारण बिदा एक पटकमा एक वर्षमा नबढाई नोकरीको तमाम अवधिमा तीन वर्षमा नबढाई,

तर असाधारण बिदा बिरामी परेको अवस्थामा बाहेक घटीमा तीन वर्ष स्थायी सेवा अवधि नपुगेको शिक्षक वा कर्मचारीले पाउन सक्ने छैन ।

(२) विद्यालयको शिक्षकहरू र कर्मचारीको एक शैक्षिक सत्रमा पाउने बिदाहरू संचित गरी अर्को शैक्षिक सत्रमा लिन पाउने छैन ।

(३) शिक्षक तथा कर्मचारीले असाधारण बिदा बसेको अवधिको तलब पाउने छैन । सो बाहेक अन्य बिदा बसेको अवधिको पूरा तलब पाउनेछ ।

(४) प्रत्येक शैक्षिक सत्रको अन्तसम्म संचित रहेको बिरामी बिदा बापत शिक्षकले निजको पदाधिकार रहेको पदको शुरू तलब स्केलको दरले हुन आउने एक मुष्ट रकम अर्को शैक्षिक सत्रभित्र लिन पाउनेछ ।

(५) कुनै ठूलो कडा रोग लागि उपचार गर्न बिरामी बिदाबाट नपुग हुने भएमा स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरी शिक्षकले पछि पाउने बिरामी बिदाबाट कट्टा हुने गरी बाह्र दिनसम्म थप बिरामी बिदा पेश्कीको रूपमा त्यस्तो बिरामी भएको बखत लिन सक्नेछ । यसरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पेश्की बिदा लिएको शिक्षकको मृत्यु हुन गएमा त्यस्तो पेस्की लिएको बिदा स्वतः मिनाह हुनेछ ।

(६) शिक्षकको संचित बिरामी बिदाको रकम निजले लिन नपाउँदै निजको मृत्यु भएमा त्यस्तो संचित बिरामी बिदाको रकम नियम ४८ ट. को उपनियम (२) बमोजिमको व्यक्तिले एकमुष्ट लिन पाउनेछ ।

(७) उपनियम (१) बमोजिमका बिदाहरू विद्यालयका प्रधान अध्यापकको निमित्त विद्यालय सञ्चालक समितिले र अन्य शिक्षक तथा कर्मचारीको निमित्त प्रधान अध्यापकले दिन सक्नेछ । पर्व बिदा प्रधान अध्यापकले आफैं लिन सक्नेछ ।

तर असाधारण बिदा विद्यालय सञ्चालक समितिले बाहेक अरूले दिनसक्ने छैन ।

(८) बिदा नलिई गैर हाजीर हुने शिक्षक वा कर्मचारीले हाजीर नभएको दिनको तलब पाउने छैन र यस्ता शिक्षक वा कर्मचारीलाई बिभागीय सजाय गर्न सकिनेछ ।

(९) बिदा अधिकारको कुरा होइन सहुलियत मात्र हो ।"

२७. मूल नियमावलीको नियम ४० मा संशोधनः मूल नियमावलीको नियम ४० को,–

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएकोछ :–

"(१) विद्यालयको सार्वजनिक बिदा मन्त्रालयले तोकेबमोजिम हुनेछ ।"

(२) उपनियम (२) पछि देहायका उपनियम (३) र (४) थपिएका छन्ः–

"(३) एक शैक्षिक सत्रमा हिउँदे बिदा वा वर्षे बिदा वा दुवै गरी जम्मा साठी दिन विद्यालय बन्द रहनेछ ।

(४) यस नियममा उल्लेखित बिदा बाहेक अन्य दिन विद्यालय बन्द गरेमा ऐन बमोजिम कारवाही हुनेछ ।"

२८. मूल नियमावलीको नियम ४४ मा संशोधनः मूल नियमावलीको नियम ४४ को सट्टा देहायको नियम ४४ राखिएकोछः–

"४४. प्रधान अध्यापक पदमा कायम मुकायमको व्यवस्था : (१) कुनै कारण-वश सार्वजनिक विद्यालयको प्रधान अध्यापकको पद खाली रहन आएमा विद्यालय सञ्चालक समितिले जिल्ला शिक्षा निरीक्षकको स्वीकृति लिई बढीमा ६ महिनाको लागि सो पदमा जेष्ठताको आधारमा स्थायी शिक्षक-लाई कायम मुकायम मुकरर गर्न सक्नेछ यसरी कायम मुकायम मुकरर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरेको एक महिनाभित्र विद्यालय सञ्चालक समितिले स्थायी पद पूर्तिको लागि बढुवा समितिमा मागको आकृति फाराम भरी पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कायम मुकायम मुकरर भएको पद बमोजिमको शुरु तलब र अन्य सुविधा भए सो समेत शिक्षकले पाउनेछ ।

(३) प्रधान अध्यापक पदमा नियुक्त भएको वा कायम मुकायम मुकरर गरिएको शिक्षक तृतीय श्रेणी वा चतुर्थ श्रेणीको भएमा मन्त्रालयले तोकिदिए बमोजिम प्रधान अध्यापक भत्ता पाउनेछ ।

तर त्यस्तो शिक्षक श्रेणी प्रथम वा द्वितीय श्रेणीको भएमा प्रधान अध्यापक भत्ता पाउने छैन ।

(४) उपनियम (२) बमोजिम शिक्षकले पाउने तलब कायम मुकायम मुकरर गर्ने अधिकारीले निकाशा गरी दिनु पर्नेछ ।"

२९. मूल नियमावलीको नियम ४४ क. मा संशोधन : मूल नियमावलीको नियम ४४ क. को सट्टा देहायको नियम ४४ क. राखिएकोछ :–

"४४क. शिक्षक पदमा अस्थायी नियुक्तिको व्यवस्था : सार्वजनिक विद्यालयको रिक्त स्थायी शिक्षक पद तत्काल पूर्ति गर्न परेमा विद्यालय सञ्चालक समितिले विषय मिल्दो र योग्यता पुगेको व्यक्तिलाई बढीमा छ महिना-सम्मको लागि अस्थायी नियुक्ति गर्न सक्नेछ । सो भन्दा बढी अवधिको लागि जिल्ला शिक्षा निरीक्षकको पूर्व स्वीकृति लिई सोही शैक्षिक सत्रको अन्तसम्म म्याद थप गर्न सक्नेछ ।"

३०. मूल नियमावलीको नियम ४६ मा संशोधन : मूल नियमावलीको नियम ४६ का ठाउँ ठाउँमा प्रयोग भएको "विद्यालय" भन्ने शब्दको सट्टा "सार्वजनिक विद्यालय" भन्ने शब्दहरू राखिएकाछन् ।

३१. मूल नियमावलीमा नियम ४७ घ. थप : मूल नियमावलीको नियम ४७ ग. पछि देहायको नियम ४७ घ. थपिएकोछ:–

"४७घ. सेवामा नरहेको अवधिको तलब भत्ता नपाउने : नियम ४७ क. बमोजिम नोकरीबाट बर्खास्त गरिएको शिक्षक वा कर्मचारी अदालत वा अधिकारीको निर्णयले सेवामा पुनः स्थापित भए तापनि निजले विद्यालयमा उपस्थित नभएको अवधिको तलब भत्ता वा सुविधा दाबी गर्न पाउने छैन ।"

३२. मूल नियमावलीको परिच्छेद–१३ क. मा संशोधन : मूल नियमावलीको परिच्छेद–१३ क. को शीर्षकको सट्टा देहायको शीर्षक राखिएको छ:–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

590

"निवृत्तभरण र उपदान"

३३. मूल नियमावलीको नियम ४८ क. मा संशोधन : मूल नियमावलीको नियम ४८ क. को,–

(१) पहिलो प्रकरणमा रहेको "विद्यालयको" भन्ने शब्दको सट्टा "विद्यालयको स्वीकृत दरबन्दीमा स्थायी नियुक्ति पाई " भन्ने शब्दहरू राखिएका छन् ।

(२) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएकोछ:–

"(क) $\frac{\text{जम्मा नोकरी वर्ष} \times \text{आखिरी महिनाको तलब}}{५०}$ = हुन आउने रकम"

(३) खण्ड (ख) झिकिएकोछ ।

(४) प्रतिबन्धात्मक वाक्यांशको खण्ड (१) र (२) मा प्रयोग भएका "जिल्ला शिक्षा सेवा" भन्ने शब्दहरूको सट्टा "विद्यालय शिक्षा सेवा" भन्ने शब्दहरू राखिएका छन् ।

(५) प्रतिबन्धात्मक वाक्यांशको खण्ड (३) मा रहेका "जिल्ला शिक्षा समितिले" भन्ने शब्दहरूको सट्टा "श्री ५ को सरकारबाट" भन्ने शब्दहरू राखिएका छन् ।

(६) प्रतिबन्धात्मक वाक्यांशको खण्ड (५) झिकिएकोछ ।

३४. मूल नियमावलीको नियम ४८ ख. मा संशोधनः मूल नियमावलीको नियम ४८ ख. को उपनियम (१) र (२) मा प्रयोग भएका "जिल्ला शिक्षा सेवा" भन्ने शब्दहरूको सट्टा "विद्यालय शिक्षा सेवा" भन्ने शब्दहरू राखिएकाछन् ।

३५. मूल नियमावलीको नियम ४८ घ. मा संशोधनः मूल नियमावलीको नियम ४८ घ. को सट्टा देहायको नियम ४८ घ. राखिएकोछः–

"४८घ. पारिवारिक निवृत्तभरण : (१) कुनै शिक्षक नोकरीमा बहाल छँदै वा निवृत्तभरण पाउन थालेको सातवर्ष नपुग्दै मृत्यु भएमा त्यस्ता मृत शिक्षकले आफ्नो परिवारको सदस्य मध्ये कसैलाई इच्छाइएको भए त्यस्ता व्यक्तिले र इच्छाएको व्यक्तिको पनि मृत्यु भएमा वा त्यसरी कसैलाई नइच्छाइएको भए निजको एकाघरको नजिकको हकवालाले निवृत्तभरण पाउनेछ ।

तर यस्तो निवृत्तभरण सातवर्ष भन्दा बढी समयसम्म प्राप्त हुने छैन तथा निवृत्तभरण पाउन थालेको सातवर्ष नपुग्दै मृत्यु भएको शिक्षकको परिवारलाई सातवर्ष पुगेपछि निवृत्तभरण प्राप्त हुने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) शिक्षकको विधवा पत्नीले निजको पति नोकरीमा छँदै वा निवृत्तभरण पाउन थालेको सातवर्ष नपुग्दै मृत्यु भएमा उपनियम (१) बमोजिम पारिवारिक निवृत्तभरण पाउने भएमा सो निवृत्तभरण पाउने अवधि भुक्तान भएको मितिदेखि र त्यस्तो निवृत्तभरण नपाउने भएमा वा निजको पतिले निवृत्तभरण पाउन थालेको सातवर्ष व्यतित भई सकेपछि मृत्यु भएकोमा निज शिक्षकको मृत्यु भएको मितिदेखि दशवर्षसम्म निजले पाउने निवृत्तभरणको आधा रकम पाउनेछ ।"

३६. मूल नियमावलीको नियम ४८ ङ. मा संशोधन : मूल नियमावलीको नियम ४८ ङ. को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएकोछः–

"(१) विद्यालयको कामको सिलसिलामा दुर्घटनामा परी तत्कालै मृत्यु भएमा वा त्यसैको कारणबाट निको नहुँदै पछि मृत्यु भएमा निजको विधवा पत्नीलाई सो शिक्षकले पाउने न्यूनतम निवृभरणको पचास प्रतिशतले हुन आउने रकम छुट्टै आजीवन पारिवारिक वृत्ति दिइनेछ ।"

३७. मूल नियमावलीको नियम ४८ च. मा संशोधन : मूल नियमावलीको नियम ४८ च. को,–

(१) उपनियम (१) मा दिएको "प्रत्येक सन्ततीलाई १८ वर्षको" भन्ने शब्दहरूको सट्टा "दुई जनासम्म प्रत्येक सन्ततीलाई १८ वर्षको" भन्ने शब्दहरू राखिएकाछन् ।

(२) उपनियम (१) को खण्ड (क) र (ख) को सट्टा देहायको खण्ड (क) र (ख) राखिएकोछः–

"(क) माध्यमिक शिक्षकको प्रत्येक सन्ततीलाई नौसय रूपैयाँ ।

(ख) माध्यमिक सहायक शिक्षक र प्राथमिक शिक्षकको प्रत्येक सन्ततीलाई सातसय रूपैयाँ ।"

(३) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएकोछः–

"(२) विद्यालयको कामको सिलसिलामा मृत्यु भएको शिक्षकको दुईजनासम्म प्रत्येक सन्ततीलाई उपनियम (१) बमोजिमको शैक्षिक भत्ता लगायत देहायका दरले मासिक सन्तती वृत्तिसमेत दिइनेछः–

| शिक्षक | शुरू तलबको प्रतिशत |
|---|---|
| (क) माध्यमिक शिक्षक प्रथम श्रेणी | ८ |
| (ख) माध्यमिक शिक्षक द्वितीय र तृतीय श्रेणी | १० |
| (ग) अन्य शिक्षक | १२ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

C 72

३८. मूल नियमावलीको नियम ४८ ज. मा संशोधन : मूल नियमावलीको नियम ४८ ज. को सट्टा देहायको नियम ४८ ज. राखिएकोछ :–

"४८ज. तलबको उल्लेख : (१) यस परिच्छेदमा जहाँ तलबको उल्लेख भएको छ त्यसले श्री ५ को सरकारबाट निर्धारित स्केल बमोजिम पाउने तत्कालको तलब रकम (स्केल बृद्धिसमेत) लाई जनाउँछ ।

(२) यस परिच्छेदको प्रयोजनको लागि "आखिरी तलब" भन्नाले सम्बन्धित शिक्षकले अवकाश प्राप्त गर्ने बेलामा श्री ५ को सरकारबाट निर्धारित स्केल बमोजिम पाउने तलबलाई जनाउनेछ ।"

३९. मूल नियमावलीको नियम ४८ झ. मा संशोधन : मूल नियमावलीको नियम ४८ झ. को, –

(१) उपनियम (१) मा रहेका "सन्तती वृत्ति" भन्ने शब्दहरू पछि "र उपदान" भन्ने शब्दहरू थपिएका छन् ।

(२) उपनियम (१) को खण्ड (ख) झिकिएकोछ ।

(३) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएकोछ :–

(२) कोषको सञ्चालन केन्द्रीय व्यवस्था समितिबाट गरिनेछ ।

४०. मूल नियमावलीको नियम ४८ ञ मा संशोधन : मूल नियमावलीको नियम ४८ ञ को उपनियम (१) मा रहेको "अनुसूची–१" भन्ने शब्दको सट्टा "अनुसूची–४" भन्ने शब्द राखिएको छ ।

४१. मूल नियमावलीको नियम ४८ ट. मा संशोधन : मूल नियमावलीको नियम ४८ ट. को,–

(१) उपनियम (१) र (२) मा उल्लेख भएको "अनुसूची–२" भन्ने शब्दको सट्टा "अनुसूची–५" भन्ने शब्द राखिएकोछ ।

(२) उपनियम (६) मा रहेको "अनुसूची–३" भन्ने शब्दको सट्टा "अनुसूची–६" भन्ने शब्द राखिएको छ ।

४२. मूल नियमावलीको नियम ४८ ठ. मा संशोधन : मूल नियमावलीको नियम ४८ ड. को,–

(१) उपनियम (१) मा रहेको "सन्तती वृत्ति" भन्ने शब्दहरू पछि "र उपदान" भन्ने शब्दहरू थपिएकाछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :–

"(क) मन्त्रालयको सह-सचिव (माध्यमिक शिक्षा महाशाखा)– अध्यक्ष"

(३) उपनियम (२) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :–

"(घ) मन्त्रालयको उप-सचिव (प्राथमिक शिक्षा शाखा) – सदस्य"

(४) उपनियम (२) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएकोछः–

"(ङ) मन्त्रालयको उप-सचिव (माध्यमिक शिक्षा शाखा) – सदस्य-सचिव

(५) उपनियम (३) को खण्ड (ग) र (घ) र (ङ) मा रहेको "निवृत्तभरण" भन्ने शब्द पछि "र उपदान" भन्ने शब्दहरू थपिएकाछन् ।

(६) उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छः–

"(४) केन्द्रीय व्यवस्था समितिका सदस्यहरूले श्री ५ को सरकारले तोकेबमोजिम बैठक भत्ता पाउनेछन् ।"

४३. मूल नियमावलीको नियम ४८ ढ. मा संशोधन : मूल नियमावलीको नियम ४८ ढ. को सट्टा देहायको नियम ४८ ढ. राखिएकोछ :–

"४८ढ. निवृत्तभरणमा बृद्धि : (१) बहालवाला शिक्षकको तलब बृद्धि हुँदा तलब स्केलको शुरू अङ्कमा जति प्रतिशतले बृद्धि भएको छ सोही प्रतिशतको कम्तिमा दुई तिहाईको दरले सम्बन्धित तह भित्रको श्रेणीका सेवा निवृत्त शिक्षकहरूको निवृत्तभरण रकम बृद्धि हुनेछ ।

(२) उपनियम (१) बमोजिम निवृत्तभरणमा बृद्धि गर्दा कसैको निवृत्तभरणको अङ्क साविकमा निजको भन्दा कम पाउने व्यक्तिको अङ्क भन्दा कम हुन जाने भएमा निजले पाउने अङ्क त्यस्तो व्यक्तिले पाएको अङ्क भन्दा कम हुने छैन ।

(३) यो नियम लागू हुनुभन्दा पहिलेदेखि निवृत्तभरण पाईरहेका शिक्षकहरूलाई पनि यसै नियमबमोजिम निवृत्तभरण दिइनेछ ।"

४४. मूल नियमावलीमा नियम ४८ ण., ४८ त. र ४८ थ. थप : मूल नियमावलीको नियम ४८ ढ. पछि देहायका नियम ४८ ण., ४८ त. र ४८ थ. थपिएकाछन् :–

४८ण. उपदान : (१) पाँच वर्ष वा सो भन्दा बढी नोकरी गरेका तर निवृत्त पाउने अवधि नपुगेका विद्यालयको स्वीकृत दरबन्दी भित्रको पदमा स्थायी नियुक्ति भएका शिक्षकले अवकाश पाएमा वा राजिनामा स्वीकृत गराई विद्यालय शिक्षा सेवाबाट अलग भएमा वा भविष्यमा नोकरीको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 894

निमित्त सामान्यतः अयोग्य नठहरिने गरी विद्यालय शिक्षा सेवाबाट हटाइएमा देहायको दरले उपदान पाउनेछ :–

(क) पाँच वर्षदेखि दशवर्षसम्म नोकरी गरेका शिक्षकले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महीनाको तलब ।

(ख) दशवर्षभन्दा बढी पन्ध्रवर्षसम्म नोकरी गरेका शिक्षकले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महीनाको तलब ।

(ग) पन्ध्रवर्षभन्दा बढी बीसवर्ष पूरा नभएसम्म नोकरी गरेका शिक्षकले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महीनाको तलब ।

तर खण्ड (क), (ख) र (ग) अनुसार पाउने उपदानको रकम शिक्षक अवकाश हुँदाको अवस्थामा प्रथम श्रेणीको माध्यमिक शिक्षकको प्रचलित तलब स्केलको शुरू तलब अङ्कको हिसाबले हुने क्रमशः ६ महीना, १२ महीना र १८ महीनाको तलबभन्दा बढी हुने छैन ।

(२) यो नियमबमोजिम उपदान पाउन सक्ने शिक्षकको उपदान नलिंदै मृत्यु भएमा त्यस्ता मृत शिक्षकले आफ्नो परिवारको सदस्य मध्ये कसैलाई इच्छाएको भए त्यस्तो व्यक्ति र इच्छाएको व्यक्तिको पनि मृत्यु भएमा वा त्यसरी कसैलाई नइच्छाइएको भए निजको एकाघरको नजिकको हकवालाले सो उपदान पाउनेछ ।

(३) उपनियम (१) बमोजिम दिइने उपदानको रकम मध्ये देहायका शिक्षकको हकमा देहायबमोजिमको रकम निवृत्तभरण कोषले व्यहोर्नेछ र बाँकी नपुग रकम विद्यालय सञ्चालक समितिले व्यहोर्नेछ :–

(क) प्राथमिक तहको शिक्षकले पाउने उपदान रकमको शत प्रतिशत,

(ख) माध्यामिक तहको सहायक शिक्षकले पाउने उपदान रकमको पचहत्तर प्रतिशत,

(ग) माध्यामिक तहको शिक्षकले पाउने उपदानको रकमको पचास प्रतिशत,

(घ) खण्ड (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक संस्कृत माध्यमिक विद्यालय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र दुर्गम क्षेत्रको सार्वजनिक माध्यमिक विद्यालयको स्वीकृत दरबन्दी भित्रका माध्यमिक सहायक शिक्षक र माध्यमिक शिक्षकले पाउने अनुदान रकमको शतप्रतिशत ।

(४) विद्यालयको नोकरी पाउने वा सो नोकरीमा बहाल रहने उद्देश्यले शिक्षासम्बन्धी योग्यता, तीन पुस्ते, उमेर, नाम, थर, वतन वा नागरिकता ढाँटेको प्रमाणित हुन आएमा यो नियम बमोजिम उपदान दिइने छैन ।

तर कसूर प्रमाणित हुनु अगावै खाई पाईसकेको रकम फिर्ता गर्नु पर्ने छैन ।

४८त. उपदान नपाउने अवस्था : देहायका अवस्थामा कुनै पनि शिक्षकले यो नियमावली बमोजिमको उपदान पाउने छन् :–

(क) करार सेवामा वा अस्थायी वा म्यादी पदमा नियुक्त भएमा,

(ख) भविष्यमा शैक्षिक नोकरीको निमित्त सामान्यतः अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गरिएमा वा पञ्चायती व्यवस्था विरुद्धको आचरण राखे वापत बर्खास्त गरिएमा, र

तर योजना लागू हुनुभन्दा अगाडिदेखि नै स्वीकृति प्राप्त विद्यालयमा स्थायी शिक्षकको रूपमा काम गरी आएका विदेशी नागरिक शिक्षकको हकमा यो बन्देज लागू हुने छैन ।

४८थ. लागू नहुने : सामुदायिक विद्यालयको सम्बन्धमा यो परिच्छेद लागू हुने छैन ।"

४५. मूल नियमावलीको नियम ५९ मा संशोधन : मूल नियमावलीको नियम ५९ को उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छ:–

"(५) पूर्व प्राथमिक विद्यालय र सामुदायिक विद्यालयलाई श्री ५ को सरकारबाट आर्थिक सहायता दिइने छैन ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६. मूल नियमावलीमा नियम ५९ क. थप : मूल नियमावलीको नियम ५९पछि देहायको नियम ५९ क. थपिएकोछः–

"५९क. माध्यमिक विद्यालयलाई दिने अनुदान रकममा थपघट गर्न सकिने : (१) चालुवर्ष र गत दुईवर्ष गरी लगातार तीनवर्षको परीक्षाफलको प्रतिशतको आधारमा राम्रो परीक्षाफल प्राप्त गर्ने विद्यालयलाई जिल्ला शिक्षा निरीक्षकले मन्त्रालयबाट निकाशा लिई देहायबमोजिम अनुदान थप गर्नेछ :–

(क) लगातार ८० प्रतिशतभन्दा बढी परीक्षाफल प्राप्त गर्ने विद्यालयलाई साविक अनुदानमा ३० प्रतिशत,

(ख) लगातार ६० प्रतिशत भन्दा बढी परीक्षाफल प्राप्त गर्ने विद्यालयलाई साविक अनुदानमा २० प्रतिशत,

(ग) लगातार ४५ प्रतिशत भन्दा बढी परीक्षाफल प्राप्त गर्ने विद्यालयलाई साविक अनुदानमा १० प्रतिशत

(२) चालूवर्ष र गत दुईवर्ष गरी लगातार तीनवर्षको परीक्षाफलको प्रतिशतको आधारमा सन्तोषजनक परीक्षाफल प्राप्त नगर्ने विद्यालयलाई जिल्ला शिक्षा निरीक्षकले देहायबमोजिम अनुदान कटाउनेछः–

(क) तीनवर्षको औषत ३० प्रतिशत (दुर्गम क्षेत्रका लागि २५ प्रतिशत) भन्दा कम परीक्षाफल प्राप्त गर्ने विद्यालयलाई साविक अनुदानमा १० प्रतिशत,

(ख) तीनवर्षको औषत २० प्रतिशतभन्दा कम परीक्षाफल प्राप्त गर्ने विद्यालयलाई साविक अनुदानमा २० प्रतिशत,

(ग) तीनवर्षको औषत १० प्रतिशतभन्दा कम परीक्षाफल प्राप्त गर्ने विद्यालयलाई साविक अनुदानमा ३० प्रतिशत ।

(३) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा प्रत्येक माध्यमिक विद्यालयबाट उत्तीर्ण नियमित परीक्षार्थीहरूको प्रतिशत निर्धारण गर्दा सोही विद्यालयबाट कक्षा नौ मा रजिष्ट्रेशन फाराम भर्ने विद्यार्थी संख्याको आधारमा निकालिनेछ ।"

४७. मूल नियमावलीको परिच्छेद–२१ मा संशोधन : मूल नियमावलीको परिच्छेद–२१ को सट्टा देहायको परिच्छेद–२१ राखिएकोछः–


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"परिच्छेद– २१

विशेष शिक्षा

६४. विशेष शिक्षा दिने विद्यालयलाई दिइने सुविधा : श्री ५ को सरकारले विशेष शिक्षा दिने विद्यालयलाई समय समयमा निर्धारण गरे बमोजिमको सुविधा दिइनेछ ।"

४८. मूल नियमावलीको नियम ७२ मा संशोधन: मूल नियमावलीको नियम ७२ को सट्टा देहायको नियम ७२ राखिएकोछ :–

"७२. पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षाको माध्यम : (१) विद्यालयमा मन्त्रालयबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम स्वीकृति पाठ्यक्रम बाहेक अन्य पाठ्यक्रम लागू गर्न चाहने विद्यालय सञ्चालक समितिले मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको स्वीकृत पाठ्यपुस्तक बाहेक अन्य कुनै पाठ्यपुस्तक वा सहायक पुस्तक राख्न चाहने विद्यालय सञ्चालक समितिले त्यस्तो पुस्तकको नाम, लेखकको नाम, प्रकाशकको नाम, ठेगाना र मूल्य खुलाई पुस्तकको एक प्रतिसमेत मन्त्रालयमा स्वीकृतिको लागि पठाउनु पर्नेछ र स्वीकृति प्राप्त भएपछि मात्र त्यस्तो पाठ्यपुस्तक लागू गर्न सकिनेछ ।

(४) विद्यालयमा भाषा विषय पढाउँदा पढाईको माध्यम सोही भाषा हुन सक्नेछ र अन्य विषय सिकाउने माध्यम नेपाली भाषा हुनेछ ।

(५) उपनियम (४) मा उल्लेखित शिक्षाको माध्यम बाहेक अंग्रेजी माध्यमबाट पढाउन चाहेमा क्षेत्रीय शिक्षा निरीक्षकको कार्यालय-बाट पूर्व स्वीकृति लिनु पर्नेछ ।"

४९. मूल नियमावलीको नियम ७३ मा संशोधन : मूल नियमावलीको नियम ७३ मा रहेका "क्षेत्रीय शिक्षा निर्देशनालयका प्रमुख र जिल्ला शिक्षा अधिकारीलाई" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय शिक्षा निरीक्षकको कार्यालय र जिल्ला शिक्षा निरीक्षकको कार्यालयलाई" भन्ने शब्दहरू राखिएकाछन् ।

५०. मूल नियमावलीको नियम ७४ मा संशोधन : मूल नियमावलीको नियम ७४ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएकोछ :–

"(१) नियम ७२ अनुसार नगर्ने विद्यालयको प्रधान अध्यापक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र सम्बन्धित विषय शिक्षकलाई ऐन बमोजिम दुईहजार रूपैयाँसम्म जरिवाना गर्न सकिनेछ र त्यस्तो विद्यालयको सञ्चालक समितिलाई विघटन गर्न सकिनेछ ।"

५१. मूल नियमावलीको नियम ७६ मा संशोधन : मूल नियमावलीको नियम ७६ को उपनियम (१) को खण्ड (झ) पछि देहायको खण्ड (ञ) र (ट) थपिएकाछन्:–

"(ञ) श्री ५ को सरकारबाट स्वीकृति प्राप्त सामाजिक संस्था, नेपाल राष्ट्रिय प्राथमिक शिक्षक संघ र नेपाल राष्ट्रिय माध्यमिक शिक्षक संघ बाहेक अरू कुनै संघ संस्थाको सदस्य बन्न वा त्यस्तो संघ संस्थाको पक्षमा कार्य गर्न हुँदैन ।

(ट) कुनै किसिमले पनि राजनीतिमा भाग लिन हुँदैन ।

५२. मूल नियमावलीको नियम ७७ मा संशोधन : मूल नियमावलीको नियम ७७ को खण्ड (ज) पछि देहायको खण्ड (झ) थपिएकोछ :–

"(झ) आफ्ना आमा, बाबु, गुरु र मान्यजनलाई आदर र सत्कार गर्नु पर्छ तथा आफूभन्दा मुनिकालाई स्नेह गर्नु पर्छ ।"

५३. मूल नियमावलीको नियम ८० मा संशोधन : मूल नियमावलीको नियम ८० मा रहेका "निम्न माध्यमिक शिक्षक आई. ए. वा सो सरह" भन्ने शब्दहरू झिकिएका छन् ।

५४. मूल नियमावलीको नियम ८३ मा संशोधन : मूल नियमावलीको उपनियम (६) झिकिएकोछ ।

५५. मूल नियमावलीको नियम ८८ मा संशोधन : मूल नियमावलीको नियम ८८ को उपनियम (१) को खण्ड (क) र (ख) को सट्टा देहायको खण्ड (क) र (ख) राखिएका छन् :–

"(क) माध्यमिक विद्यालयको कक्षा ६ को लागि प्राथमिक शिक्षा उत्तीर्ण परीक्षामा उत्तीर्ण भएको प्रमाणपत्र, र

(ख) अन्य कक्षाको हकमा श्री ५ को सरकारबाट स्वीकृति प्राप्त विद्यालयले दिएको वार्षिक परीक्षाको लब्धाङ्क र स्थानान्तरण प्रमाणपत्र ।"

५६. मूल नियमावलीको नियम ९० मा संशोधन : मूल नियमावलीको नियम ९० को,–

(१) उपनियम (१) मा रहेका "निम्न माध्यमिक र" भन्ने शब्दहरू झिकिएकाछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 695

(२) उपनियम (२) झिकिएको छ ।

(३) उपनियम (३) र (४) को सट्टा देहायको उपनियम (३) र (४) राखिएकाछन् :–

"(३) प्राथमिक शिक्षा उत्तीर्ण परीक्षामा उत्तीर्ण भई उपनियम (१) बमोजिम प्राइभेट पढिराखेका विद्यार्थीलाई सो कक्षा उत्तीर्ण भएको एकवर्ष पूरा नभई कक्षा सातमा र दुईवर्ष पूरा नभई कक्षा आठमा भर्ना गर्न हुँदैन । तर कक्षा ६ मा जुनसुकै शैक्षिक सत्रमा भर्ना गर्न सकिनेछ ।

(४) उपनियम (१) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राइभेट पढीराखेका विद्यार्थीहरूलाई कक्षा नौ र दशमा भर्ना गर्न हुँदैन ।"

५७. मूल नियमावलीको अनुसूचीमा सशोधन : मूल नियमावलीको अनुसूची–१, अनुसूची–२ र अनुसूची–३ को सट्टा यसै साथ संलग्न अनुसूची–१, अनुसूची–२ र अनुसूची–३ राखिएकाछन् ।

५८. मूल नियमावलीमा अनुसूचीहरू थप : मूल नियमावलीको अनुसूची–३ पछि देहायएका अनुसूची–४, अनुसूची–५ र अनुसूची–६ थपिएकाछन् ।

५९. खारेजी : मूल नियमावलीको नियम ४, ५क., ५ख., २२ र ४५ तथा परिच्छेद–१४ र परिच्छेद–२३ खारेज गरिएकाछन् ।

६०. रूपान्तर : मूल नियमावलीमा प्रयोग गरिएका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखी रूपान्तर गरिएकोछ :–

(१) "श्री ५ को सरकार, शिक्षा मन्त्रालय" वा "शिक्षा मन्त्रालय" को सट्टा "मन्त्रालय"

(२) "क्षेत्रीय शिक्षा निर्देशनालय" को सट्टा "क्षेत्रीय शिक्षा निरीक्षकको कार्यालय,"

(३) "क्षेत्रीय शिक्षा निर्देशनालयको प्रमुख" वा "क्षेत्रीय शिक्षा निर्देशक" को सट्टा "क्षेत्रीय शिक्षा निरीक्षक,"

(४) "जिल्ला कार्यालय, शिक्षा शाखा" को सट्टा "जिल्ला शिक्षा निरीक्षकको कार्यालय."

(५) "जिल्ला शिक्षा अधिकारी" को सट्टा "जिल्ला शिक्षा निरीक्षक,"

(६) "शिक्षक छनोट उप-समिति" को सट्टा "शिक्षक छनोट समिति,"

(७) "अध्ययन सत्र" को सट्टा "शैक्षिक सत्र ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१
(नियम ३६ (४) संग सम्बिधित)
निरोगिताको प्रमाण–पत्रको नमूना

जिल्ला शिक्षा निरीक्षकको कार्यालय ............... जिल्ला अन्तरगतका विद्यालयहरूमा विद्यालय शिक्षा सेवाको ........ शिक्षकको नोकरीको निमित्त उम्मेदवार हुनु भएका श्री ...................... लाई जाँच्दा निजमा मैले कुनै सरुवा रोग अथवा अरू कुनै किसिमको शारीरिक विकृत्ति अथवा आन्तरिक रोग पाइन । निजमा ..................... भए तापनि निजलाई त्यसले पदमा रही काम गर्न असमर्थ बनाउँदैन भन्ने मेरो धारणा छ।

निजको भनाई अनुसार निजको उमेर ... वर्षको छ ।

आकृतिबाट निजको – १. वर्णः–
२. हुलियाः–
३. दायाँ हातको बुढी औंलाको छाप
४. हस्ताक्षरः– ......

कार्यालयको छापः–

चिकित्सकको:–
नाम:–
दर्जा:–
हस्ताक्षरः–
मितिः–
कार्यालयको नाम, ठेगाना:–

अनुसूची–२
(नियम ३६ (६) संग सम्बन्धित)
सपथ ग्रहण फाराम

म ........

ईश्वरको नाममा शपथ लिन्छु कि विद्यालय शिक्षा सेवाको शिक्षकको हैसियतले मलाई ठेकिएको काम मेरो ज्ञान विवेकले जाने बुझेसम्म इमान धर्म सम्झी देश, नरेश र शिक्षण पेशामा बफादार रही भय, पक्षपात वा द्वेष नराखी लोभ लालच र मोलाहिजा नगरी इमान्दारी साथ शिक्षा ऐन, नियम र प्रचलित नेपाल कानून अनुसार गर्दछु र मलाई ज्ञात हुन आएको सेवासंग सम्बन्धित कुनै गोप्य कुरा तोकिएको सम्बन्धित व्यक्तिलाई बाहेक अरू कसैलाई म नोकरीमा बहाल रहे वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपले भन्ने वा संकेत गर्ने छैन ।



'आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची– ३
## कार्य दक्षता मूल्यांकन फाराम
(नियम ३७ ख (क) संग सम्बन्धित)

फाराम भर्ने निर्देशिका

१. यो फाराम दुई भागमा तर्जुमा गरिएको छ। फाराम नं. १ को खण्ड (क) मा शिक्षकको हाजिरी र खण्ड (ख) मा अध्यापनको परिमाण र गुणस्तरको मूल्यांकन गरी तथा फाराम नं २ मा शिक्षकको व्यक्तित्व, गुण, चरित्र, अनुशासन, अध्यापन क्षमता आदि कुराहरूको मूल्यांकन गर्ने उद्देश्यको लागि हो। यो फाराम वर्षको एक पटक मात्र भर्नु पर्ने गरिएको छ। यस फाराममा पूर्णाङ्क १०० लाई देहाय-बमोजिम अंक विभाजन गरिएको छः–

| | | |
|---|---|---|
| फाराम नं. १ खण्ड (क) – हाजिरी | | – २० |
| फाराम नं. १ खण्ड (ख) – अध्यापनको परिमाण र गुणस्तर | | – ३० |
| फाराम नं. २ | व्यक्तित्व, गुण, आदि | – ५० |

फाराम नं. १ को खण्ड (क) र (ख) को मूल्यांकन वस्तुगत भएको हुँदा यस फाराममा दिइएको सूत्र प्रयोग गरी जति अंक प्राप्त हुन्छ सो दिने। फाराम नं. २ को मूल्यांकन गर्दा स्वविवेक प्रयोग गर्नु पर्ने हुँदा सुपरिवेक्षक, पहिलो पुनरावलोकन कर्ता र दोस्रो पुनरावलोकन कर्तामध्ये कसैले वा सबैले कुनै शिक्षकलाई ४० अंक भन्दा बढी दिनु परेमा वा १० अंकभन्दा घटी दिनु परेमा क्षेत्रीय शिक्षा निरीक्षकको पूर्व स्वीकृति लिनु पर्नेछ। यस फाराम नं. २ मा तीन जनाले दिएको अंकको औसतलाई शिक्षकले पाएको अंक मानिने छ।

२. यो फाराम प्रत्येक शैक्षिक सत्रको वार्षिक परीक्षाको नतिजा प्रकाशित भएको एक महीनाभित्र शिक्षकहरूको हकमा प्रधानाध्यापकले र प्रधानाध्यापकको हकमा विद्यालय संचालक समितिका अध्यक्षले सुपरिवेक्षकको हैसियतले रीतपूर्वक भरी इलाका निरीक्षककहाँ पेश गर्नु पर्नेछ।

३. यसरी प्राप्त भएको फाराम पहिलो पुनरावलोकन कर्ताको हैसियतले इलाका निरीक्षकले आफ्नो रेकर्ड हेरी केही बुझ्नु पर्ने भए सो समेत बुझि आफु कहाँ प्राप्त भएको १५ दिनभित्र मूल्यांकन गरी जिल्ला शिक्षा निरीक्षक कहाँ पेश गर्नु पनछ।

४. यसरी प्राप्त भएको फाराम जिल्ला शिक्षा निरीक्षकले दोस्रो पुनरावलोककर्ताको हैसियतले अन्तिम मूल्यांकन गरी प्रत्येक शिक्षकले प्राप्त गरेको फाराम नं.१को खण्ड


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) र (ख) को अंक र फाराम नं. २ मा सुपरिवेक्षक, पहिलो पुनरावलोककर्ता र दोस्रो पुनरावलोकनकर्ताले दिएको अंक तथा तीनै मूल्यांकनकर्ताले दिएको अंकको औसतसमेत निकाली तालीका बनाएर १५ दिनभित्र क्षेत्रीय शिक्षा निरीक्षकको कार्यालयमा पठाउनु पर्छ ।

५. इलाका निरीक्षक र जिल्ला शिक्षा निरीक्षकले आफू कहाँ दाखिला हुनुपर्ने शिक्षकहरूको कार्य दक्षता मूल्यांकन फाराम निर्धारीत समयमा दाखिला हुन नआएमा तथा क्षेत्रीय शिक्षा निरीक्षकले शिक्षकहरूको प्राप्ताङ्क तालिका निर्धारीत समयमा प्राप्त हुन नआएमा तरताकेता गर्नु पर्नेछ ।

---

शिक्षको नाम :– . . . . . . . . . . . . . . . . . . . .संकेत नं :– . . . . . . . . . .

विद्यालयका नाम र ठेगाना:– . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

शिक्षकको तह:– . . . . . . . . . . .पद :– . . . . . . . . . श्रेणी– . . . . . . . . . . .

अवधि – . . . . . . . . . . .साल – . . . . . . .महिनादेखि . . . . . साल . . . . . . .

महिनासम्म शैक्षिक सत्र:– . . . . . . . . . . . . . . . . . . . . . . . . .

कार्य दक्षता मूल्यांकन फाराम नं. १

खण्ड (क) – हाजिरी

(१) विद्यालय खुलेको जम्मा दिन . . .

(२) शिक्षक उपस्थित भएको जम्मा दिन . . .

(३) तलबी बिदा लिएको जम्मा दिन . . .

(क) पर्व बिदा लिएको दिन . . .

(ख) बिरामी बिदा लिएको दिन . . .

(ग) सुत्केरी बिदा लिएको दिन . . .

(घ) किया बिदा लिएको दिन . . .

(४) बेतलबी गैर हाजिर भएको दिन . . .

(क) असाधारण बिदा लिएको दिन . . .

(ख) बिदा स्वीकृति नगराई अनुपस्थित रहेको दिन . . .

(ग) अन्य कुनै कारणले अनुपस्थित रहेको दिन . . .

मूल्यांकन गर्ने सूत्र:–

$$\frac{\text{उपस्थित भएको दिन} + \text{तलबी बिदा} - \text{बेतलबी गैर हाजिर}}{\text{विद्यालय खुलेको दिन}} \times २०$$

प्राप्ताङ्क:–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## खण्ड (ख) – अध्यापनको परिमाण र गुणस्तर

वार्षिक परीक्षा हुनुभन्दा एक महिना अगाडिको रूटिङ्को आधारमा सम्बन्धित शिक्षकले अध्यापन गरेको कक्षा, विषय र साप्ताहिक पिरियड संख्या तथा वार्षिक परीक्षामा सम्मिलित भएका र उत्तीर्ण भएका विद्यार्थी संख्या प्रत्येक कक्षा र विषयको अलग-अलग छुट्टिने गरी देहायको तालीकामा लेख्नु पर्छ।

| कक्षा | क्र.सं. | विषय | साप्ताहिक पिरियड (पि) | वार्षिक परीक्षा दिएका विद्यार्थी संख्या (वि) | उत्तीर्ण भएका विद्यार्थी संख्या (उ) |
|---|---|---|---|---|---|
| | १ | | | | |
| | २ | | | | |
| | ३ | | | | |
| | ४ | | | | |
| | ५ | | | | |
| | ६ | | | | |
| | ७ | | | | |
| | ८ | | | | |
| | ९ | | | | |
| | १० | | | | |
| | ११ | | | | |
| | १२ | | | | |
| | १३ | | | | |
| | १४ | | | | |
| | १५ | | | | |
| | १६ | | | | |
| | १७ | | | | |
| | १८ | | | | |
| | १९ | | | | |
| | २० | | | | |
| | २१ | | | | |
| | २२ | | | | |
| | २३ | | | | |
| | २४ | | | | |
| | २५ | | | | |
| | २६ | | | | |
| | २७ | | | | |
| | २८ | | | | |
| | २९ | | | | |
| | ३० | | | | |
| | | जम्मा | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८

मूल्याङ्कन गर्ने सूत्रः– $\frac{(उ१)(पि१)+(उ२)(पि२)+(उ३)(पि३)+ \cdots}{(वि१)(पि१)+(वि२)(पि२)+(वि३)(पि३)+ \cdots} \times ३०$

उ– वार्षिक परीक्षामा उत्तीर्ण भएका विद्यार्थी संख्या

वि– वार्षिक परीक्षामा सम्मिलित भएका विद्यार्थी संख्या

पि– साप्ताहिक पिरियड

१,२,३,४......–क्रम संख्या

प्राप्ताङ्क

## कार्य दक्षता मूल्याङ्कन फाराम नं. २

## व्यक्तित्व, गुण, चरित्र, अनुशासन, अध्यापन क्षमता आदि

यस फाराममा शिक्षकमा हुनु पर्ने १० वटा गुण दिएको छ । प्रत्येक गुणको स्तर अनुसार देहायबमोजिमको अङ्क दिन सकिनेछ।

अत्युत्तम – ५ अङ्क

उत्तम – ४ अङ्क

सन्तोषजनक – ३ अङ्क

सामान्य – २ अङ्क

अयोग्य – ० अङ्क

मूल्यांकनकर्ताले आफ्नो स्वविवेक प्रयोग गरी निष्पक्ष रूपले न्यायोचित अङ्क दिनु पर्नेछ। कूल अङ्क ४० भन्दा बढी वा १० भन्दा कम दिनु परेमा क्षेत्रीय शिक्षा निरीक्षकको पूर्व स्वीकृति लिनु अनीवार्य छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| गुण | सुपरिवेक्षकको मूल्यांकन | पहिलो पुनरावलोकन कर्ताको मूल्यांकन | दोस्रो पुनरावलोकन कर्ताको मूल्यांकन |
|---|---|---|---|
| १. विषय वस्तुको ज्ञान | | | |
| २. अध्यापन क्षमता | | | |
| ३. अध्यापन विधि र सीपको प्रयोग | | | |
| ४. शैक्षिक सामग्री संकलन, निर्माण र प्रयोग | | | |
| ५. शिक्षण पेशा प्रतिको निष्ठा र लगनशीलता | | | |
| ६. अतिरिक्त क्रियाकलापमा संलग्नता | | | |
| ७. कक्षा व्यवस्थापन र सञ्चालन विधि | | | |
| ८. विद्यार्थी प्रतिको व्यवहार | | | |
| ९. अन्य शिक्षक तथा कर्मचारी प्रतिको व्यवहार | | | |
| १०. अनुशासनमा रहने बानी | | | |
| जम्मा | | | |

| सुपरिवेक्षकको | पहिलो पुनरावलोकनकर्ताको | दोस्रो पुनरावलोकनकर्ताको |
|---|---|---|
| दस्तखतः– | दस्तखतः– | दस्तखतः– |
| नामः– | नामः– | नामः– |
| पदः– | पदः– | पदः– |
| मितिः– | मितिः– | मितिः– |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–४

(नियम ४८ञ. सँग सम्बन्धित)

### शिक्षकको वैयक्तिक तथा नोकरी विवरण

फाराम

फोटो

१. शिक्षकको नाम, थरः–

२. स्थायी ठेगानाः–

(क) अञ्चलः–

(ख) जिल्लाः–

(ग) गा. पं. वा न. पं.:–

(घ) वडा नं.:– ब्लक नं.:–

(ङ) गाउँ वा टोलः–

३. जन्म मिति (वि. सं. मा):–......साल......महिना...गते....

४. जन्म स्थानः–·····अञ्चल··········जिल्ला·······गा. पं. / न. पं.

५. ६५ वर्ष उमेर पुग्ने मिति (वि. सं. मा)....साल....महिना...गते...

६. नागरिकता·······धर्म·····लिङ्ग··· ··· ···

७. हुलिया (विशेष चिन्ह):–

८. इच्छाएको व्यक्तिकोः–

(क) नाम, थरः–

(ख) ठेगानाः–

(ग) सम्बन्धः–

९. बाबुको

(क) नाम, थरः–

(ख) ठेगानाः–

(ग) पेशाः–

(घ) नागरिकताः–

१०. बाजेको:

(क) नाम, थरः–

(ख) ठेगाना :–

११. विवाहित भए पति / पत्नीको नामः–

(क) पति / पत्नीको पेशाः–

(ख) छोराको संख्याः–

(ग) छोरीको संख्याः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. यो विवरण भर्नुभन्दा पहिले श्री ५ को सरकारको सेवामा काम गरेको भए त्यसको विवरणः–

| कार्यालय | पद | श्रेणी | सेवा | अवधि | छोडेको कारण | अवकाशपछि पाएको सुविधा रकम |
|---|---|---|---|---|---|---|
| | | | | | | नि. भ. / उपदान |
| | | | | | | |

१३. नोकरी विवरणः– शुरु नियुक्तिदेखि अवकाश प्राप्त गरेको मितिसम्मको भर्ना, सरुवा, बढुवा विवरण दिने

शिक्षकको नामः–

| विद्यालयको नाम | पद | स्तर | भर्ना, सरुवा, बढुवा मिति | बहाल मिति | स्थायी वा अस्थायी जि.शि.से.आयोगबाट वा शिक्षक छनोट उप-समिति वा शिक्षक छनोट समितिबाट सिफारिश भएको मिति | तलब | भत्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

१४. शैक्षिक योग्यताः–

| उत्तीर्ण भएको परीक्षाको उपाधि | शिक्षण संस्थाको नाम | अध्ययन अवधि | | श्रेणी | अध्ययनका प्रमुख विषयहरू | कैफियत |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | | | |
| | | | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. तालिमसम्बन्धी विवरण

| तालिमको नाम | तालिम अवधि | | तालिमको विषय | श्रेणी | तालिम दिने संस्थाको | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | नाम | स्थान, मुलुक | |
| | | | | | | | |

१६. अनुसन्धान वा प्रकाशित कृतिहरू

| कृतिको नाम | प्रकाशन भएको मिति | प्रकाशित कृतिको भाषा | विषयवस्तु | कैफियत |
|---|---|---|---|---|
| | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. श्री ५ महाराजाधिराज सरकारबाट बक्सेको विभूषण

कर्मचारीको नाम:-

| विभूषणको नाम | प्राप्त मिति | विभूषण पाएको विवरण | सहूलियत | प्रमाणित गर्ने अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

१८. राष्ट्रिय शिक्षा समिति या जिल्ला शिक्षा समितिबाट पाएको प्रशंसापत्र या नगद पुरस्कारको विवरण

| प्रशंसापत्र या नगद पुरस्कार पाएको विवरण | प्रशंसापत्र या नगद पुरस्कार पाएको मिति | नगद पुरस्कार पाएको भए के–कति | कहाँबाट पाएको | प्रमाणित गर्ने कर्मचारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९. विभागीय सजाय

| सजायको प्रकार | सजायको आदेश मिति | पुनरावेदनको | | प्रमाणित गर्ने अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | ठहर | मिति | | |
| | | | | | |

२०. बिदाको विवरण

शिक्षकको नाम पद कार्यालय

| विवरण | पर्व बिदा | | | बिरामी बिदा | | | सुत्केरी बिदा | | | क्रिया बिदा | | | असाधारण बिदा | | | प्रमाणित गर्ने अधिकृतको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | |
| विगत सालहरूको जिम्मेवारी साल:– | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. उपर्युक्त विवरण साँचो हो झूठा ठहरे ऐनसवाल बमोजिम सहुँला-बुझाउँला
सम्बन्धित शिक्षकको दस्तखतः–

मितिः–

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

२२. उपर्युक्त विवरण यस विद्यालयको अभिलेख अनुसार
ठीक छ भनी प्रमाणित गर्नेः– दस्तखतः–
प्रधानाध्यापकको नामः–
विद्यालयको पूरा नामः–
विद्यालयको ठेगानाः–
विद्यालयको छापः– मितिः–

२३. उपर्युक्त विवरण यस कार्यालयको अभिलेख अनुसार
ठीक छ भनी प्रमाणित गर्नेः–
जिल्ला शिक्षा निरीक्षकको नामः– दस्तखतः–
जिल्ला शिक्षा निरीक्षकको कार्यालयः–
मितिः–

२४. क्षेत्रीय शिक्षा निरीक्षकले प्रमाणित गर्नेः–
उक्त विवरणबमोजिम अभिलेख क्षे. शि. नि. को कार्यालयमा राखी
निजको संकेत संख्या.......... कायम गरिएको छ ।
क्षेत्रीय शिक्षा निरीक्षकको नामः– दस्तखतः–
क्षेत्रः– मितिः–

माथि लेखिए अनुसार फाराम भरी अभिलेखमा जनाइसकेपछि भएको सरुवा, बढुवा सम्बन्धमा निम्न स्थानमा जनाउने (माथिल्लो तलबमानमा भएको बढुवा पनि यसैमा जनाउने)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| विद्यालयको नाम | सरुवा | पद | तलब | भत्ता | जिम्मा | कैफियत (सरुवा बढुवा, मिति संकेत जनाउने) | लगतमा चढाउने अधिकृतको दस्तखत र मिति |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

२५. अवकाश प्राप्त गरेपछि जनाउनेः–

अवकाश पाएको मितिः–

नोकरी वर्ष.........महिना.........दिन......

अन्तिम, महिना १ को तलब रू. ..... अक्षरेपी ... ... . ...

जम्मा पाउने उपदान रू. .....श्री ५ को सरकारले व्यहोर्ने रू. .....

जम्मा पाउने निवृत्तिभरण मासिक रू. ....... अक्षरेपी .........

क्षेत्रीय शिक्षा निरीक्षकको दस्तखतः–

क्षेत्र ...............

नाम ...............

मिति ...............



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची–५
(नियम ४८. ट. (१) र (२) सँग सम्बन्धित)
निवृत्तिभरणको माग फाराम

श्री

२० वर्ष विद्यालयको नोकरी पूरा गरेकोले..................वा सम्बन्धित व्यक्तिले शिक्षा नियमावली, २०२८ को नियम ४८. ट. अनुसार पाउने निवृत्तिभरण अधिकार पत्रको लागि निवेदन गरेको छु ।

(१) नाम, थरः–

(२) ठेगाना स्थायी (जिल्ला, गा. पं. समेत):–

(३) उमेर (हालको):–

(४) दर्जाः–

(५) कार्यालयः–

(क) शुरू भर्ना हुँदाको कार्यालयको नाम, भर्ना मिति र दर्जाः–

(ख) हालको कार्यालयको नामः–

(६) अवकाश प्राप्त मितिः–

(७) शेषपछि इच्छाएको व्यक्तिकोः–

(क) नाम, थरः–

(ख) ठेगाना स्थायी (जिल्ला, गा. पं. समेत):–

(ग) सम्बन्धः–

(८) बाबुको नामः–

(९) बाजेको नामः–

रेखात्मक सहीछाप

| दा | बा |
|---|---|
| | |

मितिः–

लेखात्मक सहीछाप



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 628

## अनुसूची–६

(नियम ४८ ट. (६) सँग सम्बन्धित)

सिलसिलेवार नम्बर . . . . . . . . . . . . . .

. . . . . . . . . . . .अधिकार पत्र

फोटो

१. नाम, थरः–

२. स्थायी ठेगाना (जिल्ला, गा. पं. वडा नं. समेत):–

३. उमेरः–. . . . . . . .

४. शिक्षकः– प्रा. शि. (     ) प्रा. स. शि. (     ) मा. शि. (     )

५. विद्यालयः–

६. चिन्हः–

७. अवकाश प्राप्त मितिः–

८. शेषपछि इच्छाइएको व्यक्तिकोः–

(क) नाम, थरः–

(ख) स्थायी ठेगानाः–

(ग) नाता सम्बन्धः–

९. नोकरी वर्ष. . . . . . . . महिना. . . . . दिन. . . . . .

१०. अन्तिम महीना १ को पाउने रू. . . . . . . . .

अक्षरेपी. . . . . . . . . . . . .

११. पाउने व्यक्तिको सहीछाप

रेखात्मक

| दा | बा |
|---|---|

१२. आवश्यक देखिएमा परिचय गराउने बहालवाला कर्मचारी वा प्र. अ.

(क) नाम, थरः–

(ख) दर्जाः–

(ग) कार्यालय / विद्यालय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. . . . . . . . . . . . . . . . . .वापत प्रदान गरिएको

१४. पाउने अवधि. . . . . . . . . . . . . .

१५. लेखिएको बाहेक आवश्यक देखिएको कुरा. . . . . . . . अधिकार पत्र प्रदान गर्ने . . . . . . . . भत्तानी परिचय पत्र दिने अधिकारी

क्षे. शि. नि. जि. शि. नि.

क्षे. शि. नि. का. जि. शि. नि. का.

आज्ञाले,

रमेशजंग थापा

श्री ५ को सरकारको का. मु. सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार